वर्ष : १५ | अंक : ६

# अर्थ र रोजगार

ARTHA RA ROJGAR

२०८२ पुस | 2025 Dec.- 2026 Jan.

राष्ट्रिय मासिक



एक्सनमा श्रममन्त्री




बैदेशिक रोजगार

# श्रमिकका लागि आशाको संकेत

मूल्य रु.४०/-, भारु. ३०/-, मलेसियन रिंगेट ५/-, युएई दिराम ५/-, कतारी रियाल ५/-, ओमानि रियाल ०.५/-, बहराइन बिडी ०.५/-, युएस ४ $/-




रकम पठाउन तथा पाउनका
लागि भरपर्दो माध्यम

Toll Free : 16600-144444
www.prabhumoneytransfer.com.np

PRABHU®
Money Transfer
प्रभुको इच्छा




सधैं नेपाल र नेपालीको साथ रही सामाजिक विकासमा निरन्तर सहयोगी बनेर रु. २ अर्ब भन्दा बढीको योगदान गर्दै सातै प्रदेशका समुदाय स्तरसम्म पुगि हामीले देशभरका १ करोड ३० लाख भन्दा बढी जनसंख्याको हित हुने गरी कार्यहरु गरेका छौं।

## एनसेल फाउन्डेसन
## समाजको माझ सधैं सँगै

तपाईको कृषि कार्यलाई नयाँ उचाईमा पुऱ्याउन

# स्वर्णिम अवसर !

ADBL कृषि कर्जा



**६.४९%**
**ब्याजदर***

कृषि विकास बैंक लिमिटेडले प्रदान गर्ने कृषि कर्जाको ब्याजदरमा अब बैंकको **५.४९% आधार दरमा १% मात्र प्रिमियम थप** गरी ब्याजदर कायम गरिएको छ ।

*शर्तहरु लागु हुनेछ ।

थप जानकारीको लागि नजिकैको कृषि विकास बैंकको शाखामा सम्पर्क गर्नु हुन अनुरोध छ ।

"साझा समृद्धिका लागि सबैको रोजाईको बैंक"
"The Bank of Choice for Shared Prosperity"

कृषि विकास बैंक लिमिटेड
Agricultural Development Bank Ltd.

www.adbl.gov.np    सम्पूर्ण बैंकिङ्ग सुविधा सहितको तपाईं हाम्रो घर आँगनको बैंक    SWIFT: ADBLNPKA

# यसभित्र





८ आवरण

**वैदेशिक रोजगार : श्रमिकका लागि आशाको संकेत**

वैदेशिक रोजगारीमा व्याप्त ठगी, दलाली र बेथितिविरुद्ध सरकार एक्सनमा उत्रिएको छ। श्रमिकको आर्थिक बोझ घटाउने निर्णय, सीआईबीसहितको स्पेशल टास्क फोर्स गठन, 'हेल्प अस टु हेल्प यु' कार्यक्रम सञ्चालन, मलेसिया रोजगारी खुलाउने तयारी भइरहेको छ भने कोरियामा निजी क्षेत्रबाट कामदार पठाउने व्यवस्था लागु हुँदै छ। यी कदमले मर्यादित, सुरक्षित र श्रमिकमैत्री वैदेशिक रोजगारीतर्फ आशाको संकेत देखिएको छ। यसै विषयमा तयार पारिएको आवरण रिपोर्ट :






१३ 'अबका केही दिनमै फिल्ड ओरिएन्टेड काम सुरु हुनेछन्'





२० **एनआरएनएको १२औं महाधिवेशन** फेब्रुअरी २३ देखि २५ सम्म हुने





२३ राष्ट्रिय वाणिज्य बैंक सम्मानित

२८ चौतारी

साधुरामको **सीप**

युवराज नयाँघरे







३० अनुभूति

किन हुन्छ यो **असमानता ?**

शम्भु सुस्केरा





१७ जनजीवन

भाग्य आफैं **चम्किँदैन**

● बिन्दु अधिकारी ढकाल

३२ मनोरञ्जन

प्रेमको गहिराई झल्काउने गजल **'म हराएकी हुँ'**




## सम्पादकीय

# एनआरएनएको १२औँ महाधिवेशन एकताको वास्तविक परीक्षा बनोस्

गैरआवासीय नेपाली संघ (एनआरएनए)ले विगत चार वर्षदेखि भोग्दै आएको विभाजन, विवाद र अन्योलको कालखण्ड अन्ततः एकताको घोषणासँगै टुंगिएको छ। उच्चस्तरीय समितिमार्फत चयन भएका अध्यक्ष महेश कुमार श्रेष्ठ र ११औँ महाधिवेशनबाट निर्वाचित अध्यक्ष डा. बद्री केसीबीच भएको १० बुँदे सहमतिले संस्थालाई ऐतिहासिक मोडमा पुऱ्याएको छ। अब आगामी फेब्रुअरीमा तय भएको १२औँ महाधिवेशन यो एकताको वास्तविक परीक्षा बन्नेछ।

एनआरएनएजस्तो विश्वभर छरिएका ८० लाखभन्दा बढी नेपालीको साझा संस्थामा विगतका वर्षहरूमा देखिएको गुटबन्दी, अदालतका मुद्दा, समानान्तर समिति र नेतृत्वको होडले संस्थाको साख मात्र होइन, उद्देश्य र औचित्यमाथि समेत प्रश्न उठायो। यही अवस्थाबाट आजको एकता जन्मिएको हो। तर, यो एकता बाध्यताबाट आएको कि भावनाबाट ? यसको उत्तर अब नारामा होइन, व्यवहार र कार्यान्वयनमा देखिनुपर्छ।

१२औँ महाधिवेशन केवल नयाँ नेतृत्व चयन गर्ने औपचारिक कार्यक्रम मात्र हुनु हुँदैन। यो एनआरएनएको आत्मसमीक्षा, संस्थागत सुधार र विश्वास पुनःस्थापनाको अवसर हो। विगतमा भएका कमजोरी स्वीकार नगरी, जिम्मेवारीबाट पन्छिएर र 'म' केन्द्रित सोच कायम राखेर अघि बढ्दा फेरि त्यही चक्र दोहोरिन सक्छ। त्यसैले नेतृत्व, अभियन्ता र सदस्य सबैले अब "मेरो समूह" होइन, "संस्थाको भविष्य" सोच्नुपर्ने बेला आएको छ।

प्रधानमन्त्रीदेखि संस्थापक र अग्रज अभियन्तासम्मले एक स्वरमा भनेको सन्देश स्पष्ट छ– एनआरएनए राजनीतिभन्दा माथि रहनुपर्छ। पार्टीको छायाँ, गुटको प्रभाव र पदको लोभले फेरि संस्थालाई कमजोर बनाउने छुट अब छैन। बरु नागरिकता, सामाजिक सुरक्षा, लगानी, ज्ञान र सीप हस्तान्तरणजस्ता मूल मुद्दामा केन्द्रित भएर एनआरएनएलाई पुनः विश्वसनीय बनाउनु आजको आवश्यकता हो।

१२औँ महाधिवेशन सफल, समावेशी र विवादरहित बनाउनु नै एकताको पहिलो ठोस प्रमाण हुनेछ। यदि यही महाधिवेशनबाट निष्पक्ष निर्वाचन, पारदर्शी प्रक्रिया र साझा प्रतिबद्धता स्थापित गर्न सकियो भने एनआरएनए विगतभन्दा अझ उच्च साखसहित अघि बढ्न सक्छ।

अब विकल्प स्पष्ट छ–या त यो एकता इतिहासमै सीमित हुन्छ, या यसले एनआरएनएलाई नयाँ उचाइमा पुऱ्याउँछ। निर्णय नेतृत्वको मात्र होइन, सम्पूर्ण गैरआवासीय नेपाली समुदायको साझा जिम्मेवारी हो।


**रोजगार मिडिया प्रा.लि.**

जि.प्र.का. काठमाडौं द. नं. १३७/०६७/०६८

अर्थ र रोजगार
राष्ट्रिय मासिक
AARTHARAROJGAR

• वर्ष १५ • अंक ६ • २०८२ पुस



**सल्लाहकार**
शंकर खनाल

**सल्लाहकार सम्पादक**
युवराज नयाँघरे

**निर्देशक/कार्यकारी सम्पादक**
सुमन गिरी

**निर्देशक/सह-सम्पादक**
उत्तम भट्टराई

**निर्देशक/प्रमुख व्यवस्थापक**
फणिन्द्र दाहाल

**व्यवस्थापक**
पर्वत विश्वकर्मा

**बजार प्रतिनिधि**
सविन विश्वकर्मा

**ओमान संयोजक**
दिपक श्रेष्ठ
(९६८९६०५३४६९)

**कतार प्रतिनिधि**
खेम भट्टराई
(९७४५६०९५७८)

**कला संयोजक**
हेमन्तराज गौतम

**प्रतिनिधि**
राजु थापा (क्यानडा)
जनक गिरी (जापान)
हरिकृष्ण अधिकारी (इजरायल)
यामबहादुर पुरकोटी (युएई)

**कानुनी सल्लाहकार**
वरिष्ठ अधिवक्ता देवराज कटुवाल

**डिजाइन**
महेश कार्की

**मुद्रक**
नयाँ नेपाल प्रेस प्रा.लि.,
असन, काठमाडौं
फोन : ९८५११७९९९६



**कार्यालय**
रोजगार मिडिया प्रा.लि.
ज्ञानेश्वर, काठमाडौं
पो.ब. नं. १२०१८,
फोन : ०१-४५३१०४३
९८५१०९२६९६, ९८६३४९७१९१
इ-मेलः artharojgar@gmail.com
www.rojgarmanch.com



# पाठक पत्र



## फेरि निराशा नदोहोरियोस्

एनआरएनएमा भएको बृहत एकता स्वागतयोग्य कदम हो। चार वर्षदेखि विवाद, मुद्दामामिला र गुटबन्दीले थिलथिलो बनेको संस्थाले अन्ततः आत्मसमीक्षा गर्दै एकताको बाटो समातेको देख्दा आशा पलाएको छ। तर विगतमा पनि सहमति कागजमै सीमित भएको तीतो अनुभव रहेकाले यो एकता भावनात्मक हो कि बाध्यात्मक भन्ने प्रश्न स्वाभाविक छ। अब नेतृत्वले पद र प्रभावभन्दा संस्थाको गरिमा र ८० लाख गैरआवासीय नेपालीको साझा हितलाई प्राथमिकतामा राखेर काम गरे मात्र यो एकता दीगो बन्न सक्छ।

*- दिनेश खनाल, मलेसिया*

एनआरएनए एकताको घोषणाले देशकै राजनीतिलाई सकारात्मक सन्देश दिएको छ। प्रधानमन्त्रीदेखि अभियन्तासम्मले व्यक्त गरेको भावना सही दिशामा भए पनि व्यवहारमा उतार्न नसके फेरि निराशा दोहोरिन सक्छ। व्यक्तिगत स्वार्थबाट माथि उठेर इमानदारीका साथ अघि बढे यो एकता नेपाल निर्माणको अभियानमा रुपान्तरण हुन सक्छ। अब १२औं महाधिवेशनले नै यो एकताको वास्तविक परीक्षा लिनेछ।

*- सुविना घले, पोर्चुगल*

## आजका युवाका लागि जिउँदो पाठ !



प्रमिला र दिपक शंकरको कथा शक्तिशाली प्रेरणा हो। हल्ला, अराजकता र निराशाबीच पनि "यहाँ आफ्नो काम आफैँले नगरी हुँदैन" भन्ने चेतना बोकेर श्रमलाई सम्मान गर्ने परिवार आजका युवाका लागि जिउँदो पाठ हो। आन्दोलन र नाराले होइन, सीप, धैर्य र इमानदार मेहनतले नै जीवन र देश दुवै बन्छन् भन्ने सन्देश यो कथाले दिन्छ। सानो कामलाई ठूलो आत्मसम्मानका साथ गर्ने संस्कार फैलिन सके यही पुस्ताबाट सुरक्षित, आत्मनिर्भर र आशावादी नेपाल निर्माण सम्भव छ।

*- पर्वत खडका, काठमाडौं*

## राज्य, रोजगारदाता र श्रमिक सबै लाग्नुपर्छ



सामाजिक न्याय नाराबाट होइन, दिगो र समावेशी सामाजिक सुरक्षाबाट सम्भव हुन्छ। योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीले आजको श्रमलाई भोलिको सुरक्षासँग जोड्दै 'हुनेले नहुनेलाई सघाउने' संस्कार निर्माण गर्छ। राज्य, रोजगारदाता र श्रमिक सबैको साझा जिम्मेवारीका रूपमा यो प्रणालीलाई आत्मसाथ गर्न सक्यौं भने मात्र सुरक्षित श्रम, सम्मानित जीवन र न्यायपूर्ण समाजको आधार बलियो हुन्छ।

*-उर्वशी खनाल, पोखरा*

## भाग्य श्रम र धैर्यले मात्र लेखिन्छ

टिमुरेको कथाले एउटा गहिरो पाठ दिन्छ–अरुको उक्साहट र देखावटी मोहले होइन, आफ्नै विवेक र कर्मले जीवनको दिशा तय हुन्छ। ट्याटु शरीरमा खोपिन्छ, तर भाग्य हातमा श्रम र धैर्यले मात्र लेखिन्छ। अन्ततः कुवेत पुगेर टिमुरेले बुझ्छ–कामको दुनियाँमा प्रतीक, गफ वा देखावा होइन, अनुशासन र क्षमता नै मानिन्छ। यो कथाले युवालाई सम्झाउँछः फेसनभन्दा पहिला भविष्य सोचौं, नक्कलभन्दा पहिला आत्मनिर्भरता रोजौं।

*- रोशन फुयाल, विराटनगर*



## गजल



● सुनिता चौलागाई भट्टराई

बोलीमा गोली हुँदैछन्, उत्पन्न अब त
आफ्नाहरू बाटै सुरक्षित रहन्न अब त

घमण्ड तिम्रो ज्यादती हो, हेक्का राख्नु
भगवानलाई पनि हुदैन प्रसन्न अब त

फेरि फर्केर आउछन्, न ती साथीसंगी
फेरि फर्केर आउछ बचपन न अब त

लाखौ रहरहरूलाई धितो राखेकी छू
ए जिन्दगी बेला भैसक्यो निखन्न अब त ?

उता तिम्रो जिन्दगी हर्ष, उल्लासले छायो
यता मेरो दिनरात हुने भो चकमन्न अब त ॥




# वैदेशिक रोजगार : श्रमिकका लागि आशाको संकेत

**वैदेशिक रोजगारीका नाममा बढ्दो ठगी, दलाली र श्रमिक शोषण नियन्त्रण गर्न श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)सहितको विशेष टोली राख्ने तयारी**

• अर्थ र रोजगार

नेपालको अर्थतन्त्रको मेरुदण्ड भनिएको वैदेशिक रोजगारी अहिले बेथिति, ठगी र सरकारी लाचारीको एउटा कुरुप दस्तावेज बनेको छ। 'फ्रि भिसा, फ्रि टिकट' को सरकारी नारा सुन्दा जति कर्णप्रिय छ, व्यवहारमा यो त्यति नै खोक्रो र निस्सार सावित भएको छ। सतहमा नियम देखिन्छ, तर गहिराइमा श्रमिकको रगत र पसिनाको मोलमा बिचौलियाको रजगज छ।

सरकारले १० हजारको सीमा तोक्यो, तर बजारमा लाखौँको बोलकबोल छ। खाडी जान दुई लाख र युरोपका लागि १० लाख बुझाउनु अहिले 'ओपन सेक्रेट' जस्तै बनेको छ। म्यानपावर व्यवसायीहरू विज्ञापनको भरमा कोही नआउने तर्क गर्दै एजेन्टबिना कामै गर्न नसकिने दाबी गर्छन्। वैधानिक संयन्त्रभन्दा अवैध बिचौलियाको जालो बलियो हुनु राज्य संयन्त्रकै असफलता हो। न त सरकारले यो असुली रोक्न सक्छ, न त लेनदेनलाई पारदर्शी बनाउने आँट गर्छ।

रोजगारदाताले 'फ्रि भिसा' नदिनुमा आफ्नै तर्क छन्। कामदारको दक्षतामा शङ्का, करार भंग गरेर भाग्ने डर र प्रतिस्पर्धी बजारका कारण उनीहरू लगानी गर्न हिचकिचाउँछन्। फेरि हामीले सामना गरिरहेको श्रम बजारमा पाकिस्तानी र बंगाली श्रमिकको सस्तो प्रतिस्पर्धा पनि छ। तर, यी बाध्यतालाई ढाल बनाएर नेपाली श्रमिकमाथि थोपरिएको आर्थिक भारको कुनै न्यायोचित आधार छैन।

म्यानपावरलाई १० हजारको बार लगाएको सरकारले कोरिया र इजरायल पठाउँदा आफै शुल्क लिन्छ। दूतावासहरूले मागपत्र प्रमाणीकरणमा लिने चर्को शुल्क र कागजी प्रक्रियाको बोझले अन्ततः श्रमिककै गोजी रित्त्याउँछ। अर्कोतिर, बीमाको नाममा वर्षौँदेखि भइरहेको अतिरिक्त प्रिमियम असुली त झन् 'कानुनी ठगी' को एउटा ज्वलन्त नमुना हो, जहाँ श्रमिकले न सेवा पाउँछन्, न बढी तिरेको रकम फिर्ता।

पछिल्लो समय 'बेटर डेस्टिनेसन' भन्दै युरोप छिर्ने होड चलेको छ। तर, त्यहाँ पुग्ने ८० प्रतिशत नेपाली 'अनडकुमेन्टेड' रहनुले असुरक्षाको भयावह चित्र देखाउँछ। १० लाख बुझाएर पुगेको मान्छे जब अवैध बन्छ, तब उसको न्याय र अधिकारको ढोका सधैँका लागि बन्द हुन्छ। यो शोषणको नयाँ र आधुनिक रुप हो।

गत आर्थिक वर्षमा मात्र १७ खर्ब २३ अर्ब रेमिट्यान्स भित्रियो। ४० लाख नेपाली विदेशी भूमिमा पसिना बगाइरहेका छन् र ६० प्रतिशत नेपाली परिवार यसैमा आश्रित छन्। तर, यही तथ्याङ्कको अर्को पाटो भयावह छ। गत वर्ष मात्रै १ हजार २५५ नेपाली श्रमिकको शव बाकसमा फर्कियो। २०६५ देखि यता १४ हजार ५ सयभन्दा बढीले ज्यान गुमाइसकेका छन्। राति स्वस्थ सुतेको मान्छे बिहान मृत भेटिनु र हजारौँ अंगभंग हुनुले हाम्रो 'सुरक्षित आप्रवासन' को नारालाई गिज्याइरहेको छ।

श्रम मन्त्रालय र सरोकारवाला निकायहरू अब कुम्भकर्ण निद्राबाट ब्युँभनुपर्छ। नीति छ, संरचना छ र स्रोत पनि छ, तर अभाव केवल 'इमानदार कार्यान्वयन' को छ। ५ खर्बको यो विशाल उद्योगमा श्रमिकलाई वस्तु होइन, मान्छेको रूपमा हेरियोस्। भाषण र कागजले मात्र सुधार हुँदैन; अब केन्द्रदेखि स्थानीय तहसम्मै नीतिको प्रभावकारी कार्यान्वयनमा कडा कदम चाहिन्छ।

सरकार अब 'ड्राइभिङ सिट' मा बसेर बिचौलियाको सेटिङ भत्काउन लागोस्, नत्र रेमिट्यान्सले धानेको यो मुलुकले श्रमिकको श्राप सहन सक्ने छैन।

**'सिआइबी' सहितको टोली राख्ने मन्त्रालयको तयारी**

वैदेशिक रोजगारीका नाममा बढ्दो ठगी, दलाली र श्रमिक शोषण नियन्त्रण गर्न श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)सहितको विशेष टोली राख्ने तयारी गरिएको छ। श्रममन्त्री राजेन्द्रसिंह भण्डारीले मन्त्रालयमै स्पेशल टास्क फोर्स गठन गरी संगठित ठगी र दलालीविरुद्ध सशक्त कारबाही थाल्ने बताएका छन्।

मन्त्री भण्डारीका अनुसार मन्त्रालय बाहिर नेपाल प्रहरीमा वैदेशिक रोजगारी सम्बन्धी ३५ हजारभन्दा बढी उजुरी परेका छन्। पीडितले सानो रकम ठगिएको उजुरी दिन समेत टाढाबाट आउन ठूलो खर्च गर्नुपर्ने अवस्था रहेकाले मन्त्रालयमै अनुसन्धान संयन्त्र विकास गर्न लागिएको हो। "अब मन्त्रालयमै सिआइबी लगायत प्रहरीको सहयोगमा टास्क फोर्स गठन हुन्छ," उनले भने।

३० वर्ष प्रहरी सेवामा अनुसन्धानको अनुभव बटुलेका मन्त्री भण्डारीले श्रम मन्त्रालयमा पनि पीडाका स्वरूप फरक भए पनि पीडा उस्तै रहेको बताए। उनका अनुसार श्रमिकलाई समस्या पर्ने विषयलाई नीतिगत सुधार र प्रभावकारी कार्यान्वयन

> श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले आफूमातहतका विभाग, देशभरका ७५३ पालिकामा रहेका रोजगार केन्द्रमार्फत 'हेल्प अस टु हेल्प यु' कार्यक्रम सञ्चालनमा ल्याएको छ । यस कार्यक्रम मार्फत वैदेशिक रोजगारमा जाने श्रमिकले खोजेका प्रमुख प्रश्नको उत्तर प्राप्त गर्न सक्ने व्यवस्था मिलाइएको छ ।

गरी दुई भागमा विभाजन गरेर समाधान खोजिएको छ।

त्यसैअनुसार श्रमिकलाई थप आर्थिक भार पर्ने गरी बढाइएको स्वास्थ्य परीक्षण शुल्क (करिब ३ हजार रुपैयाँ) खारेज गरिएको छ। सम्बन्धित अदालतबाट अन्तरिम आदेश नआएकाले यो निर्णयले श्रमिकलाई ठूलो राहत मिल्ने मन्त्रीको भनाइ छ।

मन्त्री भण्डारीले भिजिट भिसा, व्यक्तिगत स्वीकृति र उच्च जोखिममा विदेश जाने क्रममा ठूलो संख्यामा नेपाली ठगिएको बताए। "दलाल, बिचौलिया, कम्पनी र सेवा प्रदायकबीचको इन्टरलिङ्क तोड्न एकैपटक ३-४ वटा प्रयास गर्नुपर्छ," उनले भने। त्यसका लागि नीति परिमार्जनसँगै संयन्त्र विकास गरिएको उनको भनाइ छ।

राज्यले श्रमिकलाई केन्द्रमा राखेर भिसा आएलगत्तै न्यूनतम ऋण सुविधा, मिटरब्याजीबाट पीडित श्रमिकको संरक्षण, अभिमुखीकरण तालिम शुल्क घटाउनेलगायत अवरोध फुकाउने तयारी गरिरहेको मन्त्रीले बताए। हाल ७ सयबाट बढाएर २ हजार १ सय रुपैयाँ पुऱ्याइएको अभिमुखीकरण शुल्कसमेत पुनरावलोकन गरिने संकेत उनले दिए।

वैदेशिक रोजगारी व्यवस्थापन एक मन्त्रालयले मात्रै गर्न नसक्ने भन्दै परराष्ट्र, गृह, अध्यागमन लगायत निकायबीच सामूहिक प्रयास आवश्यक रहेकोमा मन्त्री भण्डारीको जोड छ। "रोजगारदाताको माग सहज रूपमा श्रमिकसम्म र श्रमिकको पहुँच रोजगारदातासम्म पुऱ्याउन राज्यले सबै तहमा सहकार्य गर्नुपर्छ," उनले भने।

स्पेशल टास्क फोर्समार्फत पीडितलाई न्याय दिलाउने र दलाल, घुसखोरी तथा संगठित ठगीमा संलग्नमाथि सशक्त कारबाही गरिने योजना अनुसार अबको केही दिनमै फिल्ड-ओरिएन्टेड एक्सन सुरु हुने मन्त्री भण्डारीले स्पष्ट पारे।



मन्त्री भण्डारीले वैदेशिक रोजगारीलाई थप सहज बनाउन र श्रमिकले प्रक्रियाका लागि पाउनुपर्ने दुःखलाई कम गर्न श्रम स्वीकृतिको सेवालाई स्थानीय वडा तहसम्मै पुऱ्याउने योजना रहेको बताए । मन्त्री भण्डारीले श्रम स्वीकृतिका लागि अहिले भइरहेका प्रशासनिक झन्झटहरूप्रति प्रश्न उठाउदै भने 'श्रम स्वीकृति, व्यक्तिगत विवरण र वैदेशिक रोजगारीसँग सम्बन्धित सबै प्रक्रियाहरूलाई किन वडा र पालिकामै नदिने ? किन यस्तो ट्र्यापिङ र झमेलाहरू सिर्जना गरिन्छ ? हामी यी सबै कुरालाई सिधै वडा तहमा पुऱ्याएर श्रमिकलाई सहज बनाउन आवश्यक छ ।'

मन्त्री भण्डारीले वैदेशिक रोजगारीमा जाने श्रमिकलाई राज्यले बिदाइ गर्दा नै सुरक्षाको प्रत्याभूति दिनुपर्ने बताए । 'कल्याणकारी राज्यले त नागरिक विदेश जाँदै गर्दा 'लौ तिम्रो पासपोर्ट, तिम्रो श्रम स्वीकृति र सामाजिक सुरक्षाको ग्यारेन्टी भयो, अब ढुक्कसँग जाऊ' भन्नुपर्ने हो,' उनले भने । उनले श्रम स्वीकृतिलाई एउटा झन्झटिलो प्रक्रियाको रूपमा भन्दा पनि श्रमिकको अधिकार र सुरक्षाको दस्ताबेजको रूपमा विकास गर्नुपर्नेमा जोड दिए ।

अवैध बाटोबाट वैदेशिक रोजगारीमा जाने क्रम बढ्नुमा श्रम स्वीकृतिको झन्झटिलो प्रक्रिया पनि एउटा कारण रहेको मन्त्री भण्डारीको ठम्याइ छ । मन्त्री भण्डारीले श्रम मन्त्रालयभित्र रहेका यी सबै खाले नीतिगत र प्रक्रियागत अड्चनहरूलाई हटाउन आफू लागिपरेको बताए ।

यस्तै मन्त्रालयले लामो समयदेखि बन्द रहेको मलेसिया रोजगारी खुवाउने तयारी गरिरहेको र दक्षिण कोरियामा निजी क्षेत्रबाट पनि कामदार पठाउन सकिने व्यवस्था लागू गर्न लागिएको मन्त्री भण्डारीले बताए ।

> रोजगार अभावका कारण नेपालीहरू इराक जाने गर्छन् । छिटो भिषा लाग्ने भएकाले यहाँ आउने संख्या ठूलो छ । इराकमा नेपाली महिलाहरू प्रायः घरेलु कामदारका रूपमा र पुरुषहरू क्लिनिङ, सेक्युरिटी तथा तेल उत्खनन क्षेत्रसँग सम्बन्धित काममा संलग्न छन् ।

**ठगी रोक्न 'हेल्प अस टु हेल्प यु' सञ्चालनमा**

वैदेशिक रोजगारीमा हुने ठगी नियन्त्रण गर्न भन्दै श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले आफूमातहतका विभाग, देशभरका ७५३ पालिकामा रहेका रोजगार केन्द्रमार्फत 'हेल्प अस टु हेल्प यु' कार्यक्रम सञ्चालनमा ल्याएको छ ।

यस कार्यक्रम मार्फत वैदेशिक रोजगारमा जाने श्रमिकले खोजेका प्रमुख प्रश्नको उत्तर प्राप्त गर्न सक्ने व्यवस्था मिलाइएको मन्त्रालयले जानकारी दिएको छ । यो कार्यक्रम सञ्चालनका लागि मन्त्रालयले यसअघि आफूमातहतका वैदेशिक रोजगार विभाग, श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग, यी विभाग अन्तर्गतका ११ वटा श्रम तथा रोजगार कार्यालय र देशभर ७५३ पालिकामा रहेका रोजगार केन्द्रमा पत्राचार गरिसकेको जनाएको छ ।

श्रम मन्त्रालयका प्रवक्ता पीताम्बर घिमिरेले वैदेशिक रोजगारमा जाने श्रमिकलाई ठगीबाट जोगाउन 'हेल्प अस टु हेल्प यु' कार्यक्रम सञ्चालन ल्याइएको जानकारी दिए । उनका अनुसार देशभरका ७५३ स्थानीय तहमा रहेका रोजगार सूचना केन्द्र, सातै प्रदेशका श्रम कार्यालय, वैदेशिक रोजगार विभाग र समाधान कल सेन्टरलाई १० प्रश्नसँग जोडिने छ । यी सबै स्थानबाट कार्यालय समयमा सेवा लिन सकिने छ ।

**इराकमा रहेका नेपाली श्रम स्वीकृतिको पहुँचमा**

यसैबीच नेपाल सरकारले वैदेशिक रोजगारीको शिलशिलामा इराक पुगेका र त्यहाँको आधिकारिक भिसा तथा रेसिडेन्ट कार्ड प्राप्त गरेका नेपाली नागरिकलाई श्रम स्वीकृति दिने व्यवस्था गरेको छ । यससँगै इराकमा कार्यरत नेपाली कामदारले लामो समयदेखि भोग्दै आएको कानुनी जटिलतामा केही सहजता आउने अपेक्षा गरिएको छ ।

अब वैदेशिक रोजगारीका क्रममा इराक गई त्यहाँको सम्बन्धित निकायबाट जारी भएको वैध रेसिडेन्ट कार्ड तथा आधिकारिक



कामदार भिसा प्राप्त गरेका नेपाली नागरिकहरूले नेपाल आएको समयमा सो भिसा पेश गरी श्रम स्वीकृति लिन सक्नेछन् ।

यसअघि इराकलाई प्रतिबन्धित श्रम गन्तव्यको सूचीमा राखिएकाले त्यहाँ कार्यरत नेपालीले श्रम स्वीकृति नपाउँदा आवत-जावत तथा कानुनी प्रक्रियामा समस्या झेल्दै आएका थिए ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका अनुसार यो व्यवस्था इराकमा पहिलेदेखि वैध रूपमा बसोबास तथा रोजगारी गरिरहेका नेपालीलाई लक्षित गरी गरिएको हो । नयाँ कामदार पठाउने निर्णय भने हाललाई लागू नभएको मन्त्रालयले स्पष्ट पारेको छ ।

सरोकारवाला निकायका अनुसार यस व्यवस्थाले इराकमा रहेका हजारौँ नेपाली कामदारलाई वैध श्रम स्वीकृतिको पहुँचमा ल्याउने, नेपाल आउँदा-जाँदा कानुनी समस्या कम गर्ने तथा श्रमिकको अधिकार संरक्षणमा सहयोग पुग्ने विश्वास गरिएको छ ।

सरकारको यस निर्णयप्रति आभार व्यक्त गर्दै गैरआवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद् इराकका अध्यक्ष विनोद श्रेष्ठले यसले इराकमा कार्यरत हजारौँ नेपालीलाई ठूलो राहत मिलेको बताएका छन् ।

उनका अनुसार इराकमा वैधानिक रूपमा काम गरिरहेका नेपालीलाई नेपाल आउन-जान सहज बनाउन र संघमा जोड्नुपर्ने माग २०१८ देखि उठ्दै आएको थियो । अन्ततः सरकारले त्यो आवाज सुनेर क्याबिनेटबाट निर्णय गरेपछि इराकमा रहेका नेपालीहरू निकै खुसी भएका छन् ।

श्रेष्ठले भने 'यसअघि इराकमा काम गर्ने नेपाली नेपाल आएपछि पुनः फर्कन अनौपचारिक 'सेटिङ' प्रयोग गर्नुपर्दा खर्चिलो र जोखिमपूर्ण अवस्थामा थिए । अहिले श्रम स्वीकृति खुलेसँगै परिवार भेट्न आउन-जान सजिलो भएको छ, खर्च घटेको छ र भविष्यमा कुनै समस्या परे सरकारले सहयोग गर्ने विश्वास पनि बढेको छ ।'

रोजगार अभावका कारण नेपालीहरू इराक जाने गर्छन् । छिटो भिषा लाग्ने भएकाले यहाँ आउने संख्या ठूलो छ । इराकमा नेपाली महिलाहरू प्रायः घरेलु कामदारका रूपमा र पुरुषहरू क्लिनिङ, सेक्युरिटी तथा तेल उत्खनन क्षेत्रसँग सम्बन्धित काममा संलग्न छन् ।

**पुनः एकीकरण सम्बन्धी अध्ययन प्रतिवेदन सार्वजनिक**

वैदेशिक रोजगारबाट फर्किएका श्रमिकहरूको पुनः एकीकरण अनुभवको प्रभाव सम्बन्धी एक अध्ययन प्रतिवेदन सार्वजनिक गरिएको छ ।

अन्तर्राष्ट्रिय आप्रवासन दिवस २०२५ को अवसरमा श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र बैदेशिक रोजगार बोर्डको आयोजनामा गरिएको कार्यक्रममा नीति पत्रका रुपमा प्रतिवेदन सार्वजनिक गरिएको हो ।

रीइन्टीग्रेट परियोजनाको एम्स्टर्डम विश्वविद्यालय र सेन्टर फर द स्टडी अफ लेबर एण्ड मोबिलिटी (सेस्लम), शोसल साइन्स बहाःको सहकार्यमा तयार प्रतिवेदन रीइन्टीग्रेट परियोजनाको तर्फबाट डा.जीवन बानियाँ र रोजिका महर्जनले प्रस्तुत गरेका थिए ।

मन्त्रालयका सचिव कृष्णहरि पुष्करको अध्यक्षता र मन्त्री राजेन्द्रसिह भन्डारीको प्रमुख आथित्यतामा प्रस्तुत प्रतिवेदनमा अध्ययनको तथ्याङ्क सङ्कलन पाँच अध्ययन क्षेत्रहरूमा गरिएको जानकारी दिइएको थियो ।

अध्ययनले नेपालमा रहेका तीन प्रमुख प्रकारका पुनः एकीकरण नीतिहरूको विश्लेषण गरेको छ । अध्ययनले फर्किएका श्रमिकलाई सरकारी मान्यता र आधिकारिक पहिचानले उनीहरूमा मनोवैज्ञानिक रूपमा ठूलो प्रभाव पार्ने जनाएको छ ।






# ‘अबका केही दिनमै फिल्ड ओरिएन्टेड काम सुरु हुनेछन्’

● **राजेन्द्रसिंह भण्डारी**, *मन्त्री*
*श्रम, रोजगार तथा सामाजिक सुरक्षा*

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री राजेन्द्रसिंह भण्डारीले मन्त्रालयको जिम्मेवारी सम्हालेसँगै वैदेशिक रोजगारीको क्षेत्रमा देखिएका पुराना समस्या पहिचान गरी समाधानतर्फ अघि बढ्ने प्रयास सुरु भएका छन्। लामो समय नेपाल प्रहरीमा अनुसन्धान र न्यायसँग जोडिएको भूमिकामा सेवा पुर्‍याएर पूर्वअतिरिक्त महानिरीक्षकका रूपमा अवकाश पाउनुभएका मन्त्री भण्डारीका लागि श्रम मन्त्रालय पनि श्रमिकको पीडा सुन्ने र न्याय दिलाउने अर्को महत्वपूर्ण जिम्मेवारी बनेको छ। वैदेशिक रोजगारीमा व्याप्त ठगी, नीतिगत जटिलता, दलाल समस्या र कार्यान्वयनको कमजोरी हटाउने प्रतिबद्धतासहित उहाँले थालेका पहल, चुनौती, आगामी योजना, मन्त्रालयको वर्तमान सोच र भावी दिशाबारे अर्थ र रोजगारले गरेको कुराकानीको सारसंक्षेप :

**● हिजोसम्म फरक पृष्ठभूमिमा हुनुहुन्थ्यो। तर, आज एकाएक श्रम मन्त्रालयको जिम्मेवारी सम्हाल्नुपरेको छ। यो जिम्मेवारीप्रति कस्तो अनुभूति भइरहेको छ ?**

श्रम मन्त्रालय भनेपछि सबैभन्दा पहिले कामदारका पीडा, समस्या र गुनासाहरू आउँछन्। ती पीडामा परेका श्रमिकलाई न्याय दिलाउनु, उनीहरूका समस्या छानबिन गर्नु र सम्बन्धित निकायलाई सक्रिय बनाउनु मेरो मुख्य जिम्मेवारी हो। मैले विगत ३० वर्ष प्रहरी सेवामा काम गर्दा पनि न्याय, अनुसन्धान र उजुरीसँगै काम गरेको हुँ। त्यसकारण, गुनासाको स्वरूप फरक भए पनि पीडा उस्तै देख्छु। मेरो अनुभव र सीपले यहाँ काम गर्न र समस्या बुझ्न सहज भएको छ।

तर, यो क्षेत्रमा धेरै वर्षदेखि थुप्रिएका र गुम्सिएका समस्या छन्। ती समस्यालाई समाधान गर्न केही नीतिगत सुधार आवश्यक छन् भने केही विषयमा प्रभावकारी कार्यान्वयन गर्नुपर्ने देखिन्छ।

**● यस मन्त्रालय आउनासाथ कस्ता समस्याहरू पहिल्याउनुभयो र त्यसलाई समाधानका गर्नका लागि कस्ता पहल गर्नु भयो ?**

मैले समस्यालाई दुई भागमा बाँडेको छु। पहिलो, नीतिगत कारणले श्रमिकलाई दुःख दिने विषयहरू। उदाहरणका लागि, स्वास्थ्य परीक्षण शुल्क अनावश्यक रूपमा करिब ३ हजार रुपैयाँ बढाइएको थियो। रोजगारदाताले नचाहेको जाँचसमेत गर्नुपर्ने अवस्था थियो। यो रकम श्रमिकका लागि ठूलो बोझ थियो, त्यसैले हामीले त्यो शुल्क खारेज गर्यौं। अदालतबाट पनि अन्तरिम आदेश नआएकाले श्रमिकलाई ठूलो राहत मिलेको छ।

त्यस्तै, जापानको ‘जिट्को’ सम्बन्धी

विषय पनि छ। जापान सरकारले २०१७ मै खारेज गरिसकेको संरचना नेपालमा अझै चलिरहेको थियो। त्यो संस्था नभई एलुमनाई समूह मात्र भएको पुष्टि भएपछि हामीले त्यसलाई पनि खारेज गर्यौं। इराकमा रहेका करिब ३०-३५ हजार नेपालीको अभिलेखीकरण र आवतजावत सहज बनाउने काम पनि अघि बढाइएको छ।

दोस्रो पक्ष भनेको कानुनको प्रभावकारी कार्यान्वयन हो। मर्यादित वैदेशिक रोजगारीको कुरा धेरै भए पनि व्यवहारमा ठगी, भिजिट भिसा दुरुपयोग र व्यक्तिगत जोखिममा विदेश जाने समस्या छन्। यी सबै विषय समाधान गर्न कार्ययोजना बनाएर काम गर्नेछौं।

**● त्यसो भए मन्त्रालयले वैदेशिक रोजगारको क्षेत्रका रहेका बेथिती र समस्या समाधानमा कस्तो तयारी गरिरहेको छ त?**

दलाल, कम्पनी र रोजगारदाता राष्ट्रबीचको जटिल सम्बन्ध चिर्न हामीले एकैपटक ३-४ वटा प्रयास अघि बढाउनुपरेको छ। त्यसका लागि मन्त्रालयमै सीआईबी र नेपाल प्रहरीको सहयोगमा स्पेशल टास्क फोर्स गठन हुँदैछ।

ठगीमा परेका नागरिकले उजुरी दिन टाढाबाट धेरै खर्च गर्नुपर्ने बाध्यता छ। त्यसको समाधान खोज्दै, दलालरहित प्रणाली विकास गर्ने, राज्यले फिल्डमै सेवा दिने र भिसा आएपछि न्यूनतम ऋण सुविधा उपलब्ध गराउने जस्ता काममा पनि हामी अघि बढ्दैछौं।

**● नीतिगत पहलको कुरा गर्नुभयो। तर 'फ्रि भिसा, फ्रि टिकट' नारा व्यवहारमा किन लागू हुन सकेन?**

यसमा पपुलिस्ट नारा धेरै प्रयोग भयो। 'फ्रि' भन्ने शब्दको दुरुपयोग गरेर भ्रम सिर्जना गरियो र त्यसकै आडमा व्यक्तिगत स्वार्थ पूरा गर्ने काम भयो। यथार्थ एकातिर छ, गर्नुपर्ने काम अर्कोतिर छन्।



अहिले सरकार संक्रमणकालीन अवस्थामा छ। आगामी निर्वाचनलाई पनि ध्यान दिनुपर्ने भएकाले विगतका सबै निर्णय तत्काल संशोधन गर्न सजिलो छैन। कुन कुरा अहिले गर्न सकिन्छ र कुन दीर्घकालीन रूपमा कानुन संशोधन गरेर गर्नुपर्छ भन्ने अध्ययन भइरहेको छ।

तर, श्रमिकलाई अप्ठ्यारो पार्ने धेरै बाधाहरू हामीले हटाउँदै आएका छौं। उदाहरणका लागि, अभिमुखीकरण तालिम शुल्क ७०० बाट २१०० रुपैयाँसम्म बढाइएको थियो। यस्ता अनावश्यक बोझ हटाउने प्रयासमा छौं।

केन्द्रमा सधैं श्रमिकको हकहित राखेर नीति बनाउने हाम्रो लक्ष्य हो। आन्तरिक रोजगारी प्रवर्द्धन, आन्दोलनमा घाइते भएकाहरू र उनीहरूको परिवारलाई निःशुल्क वैदेशिक रोजगारीमा पठाउने विषयमा पनि वैदेशिक रोजगार व्यवसायीहरूसँग सहमति बनेको छ। यो सकारात्मक पक्ष हो।

**● विदेशस्थित दूतावासमार्फत मागपत्र प्रमाणीकरण गर्ने विषयमा मन्त्रालयको योजना के छ?**

पहिलो कुरा, रोजगारदाताबाट आएको माग सहज रूपमा श्रमिकसम्म पुग्नुपर्छ। श्रमिकले पनि सजिलै रोजगारदातासम्म प्रक्रिया पूरा गर्न पाउनुपर्छ। यसका लागि श्रम मन्त्रालय मात्र होइन, परराष्ट्र मन्त्रालय, गृह मन्त्रालय, अध्यागमनलगायत सबै निकायबीच सहकार्य आवश्यक छ। यो सामूहिक प्रयासबाट मात्र सम्भव हुन्छ।

हाम्रो सीमाभित्र रहेर केही सकारात्मक पहल सुरु गरिसकेका छौं। बाँकी विषय नीतिगत सुधार र कार्यान्वयन सशक्त बनाउनेतर्फ केन्द्रित छ। स्पेशल टास्क फोर्समार्फत पीडित श्रमिकलाई न्याय दिलाउने र दलाल तथा घुसखोरीमा संलग्नमाथि कडा कारबाही गर्ने योजना बनाइएको छ। अबका केही दिनमै फिल्ड-ओरिएन्टेड काम सुरु हुनेछन्।





# कुन उमेर समूहको खर्च कति, आम्दानी कति?

नेपालमा २७ देखि ४६ वर्ष उमेर समूहका व्यक्तिको औसत खर्चभन्दा आम्दानी बढी देखिएको छ। राष्ट्रिय तथ्याङ्क कार्यालयले सार्वजनिक गरेको 'नेसलन ट्रान्सफर एकाउन्ट' प्रतिवेदनले २७ वर्षभन्दा कम र ४६ वर्षभन्दा माथिको उमेर समूहको आम्दानीभन्दा उपभोग बढी रहेकाले जीवन चक्रीय अभाव (लाइफ साइकल डेफिसिट) रहेको देखाएको हो। प्रतिवेदन सार्वजनिक गर्दै अर्थमन्त्री रामेश्वरप्रसाद खनालले यो प्रतिवेदनले मान्छेको व्यक्तिगत जीवनमा कुन-कुन उमेरमा आम्दानी र खर्चको अवस्था कस्तो छ भनेर बुझ्न मद्दत पुग्ने बताए।

सामाजिक सुरक्षाका कार्यक्रमको प्रभावकारी कार्यान्वयन, औद्योगिक लगायतका नीति निर्माण तथा रोजगारी सिर्जनाका कार्यक्रम तयार पार्न यी तथ्याङ्क महत्वपूर्ण हुने उनको बुझाइ छ। "तथ्याङ्क भएन भने हामीले असल नीति बनाउन सक्दैनौँ। नेसनल ट्रान्सफर एकाउन्ट र गरिबीको लघुक्षेत्र अनुमान प्रतिवेदनले हामीलाई कस्ता नीति र योजना बनाउनु पर्छ भन्ने देखाउँछ," उनले भने, "यस्ता तथ्याङ्क हामी आफैँले तयार पार्नुपर्छ। सरकारकै बजेटबाट अध्ययन गरेर विश्वसनीय तथ्याङ्क राख्ने र यसले नीतिगत सुधार तथा विकास योजना तयार गर्दा महत्वपूर्ण भूमिका खेल्छन्।"

> प्रतिव्यक्ति सबैभन्दा बढी जीवन चक्र घाटा ६५ वर्ष र सोभन्दा माथि उमेर समूहमा रहेको छ भने समग्रमा सबैभन्दा बढी घाटा ०-२४ वर्ष उमेर समूहमा देखिन्छ । प्रतिव्यक्ति उपभोग २५- ६४ वर्षमा सबैभन्दा बढी र ०-२४ वर्षमा सबैभन्दा कम देखिएको छ ।

राष्ट्रिय तथ्याङ्क कार्यालयका प्रमुख तथ्याङ्क अधिकारी कमलप्रसाद पोखेलले नेसनल ट्रान्सफर एकाउन्ट प्रतिवेदन नेपालमा पहिलो पटक तयार पारिएको र यसले विभिन्न उमेर समूहका व्यक्तिको आय, उपभोग, बचत र स्रोतको हस्तान्तरण कसरी भइरहेको छ भनेर हेरिएको बताए।

गरिबीको लघुक्षेत्र अनुमान प्रतिवेदन सङ्घीयता कार्यान्वयनपछि पहिलोपटक तयार पारिएको हो। यो प्रतिवेदनले सङ्घ, प्रदेश र स्थानीय तहलाई गरिबी लक्षित योजना तथा कार्यक्रम बनाउन सहयोग पुग्ने अपेक्षा उनले व्यक्त गरे। नेसनल ट्रान्सफर एकाउन्ट प्रतिवेदनले व्यक्तिको जीवनचक्र खातालाई प्रतिव्यक्ति र कुल संख्याका आधारमा अध्ययन गरेको छ। "जनसंख्याको उमेरगत वितरणलाई तीन समूह (बालबालिका तथा युवा ०-२४ वर्ष, काम गर्ने उमेर समूह २५-६४ वर्ष र वृद्ध जनसंख्या ६५ वर्ष तथा सोभन्दा माथि) मा विभाजन गरी हेर्दा आर्थिक वर्ष २०७८/७९ मा जीवनचक्र घाटा सबैभन्दा कम २५-६४ वर्ष उमेर समूहमा देखिन्छ। यद्यपि यस समूहले पनि बचत पर्याप्त रूपमा गरेको देखिँदैन", प्रतिवेदनमा भनिएको छ।

प्रतिव्यक्ति सबैभन्दा बढी जीवन चक्र घाटा ६५ वर्ष र सोभन्दा माथि उमेर समूहमा रहेको छ भने समग्रमा सबैभन्दा बढी घाटा ०-२४ वर्ष उमेर समूहमा देखिन्छ। प्रतिव्यक्ति उपभोग २५- ६४

वर्षमा सबैभन्दा बढी र ०-२४ वर्षमा सबैभन्दा कम देखिएको छ। उमेरको विन्दुगत उपभोग र श्रमआम्दानीको अवस्था हेर्दा जन्मेदेखि २६ वर्ष उमेरसम्म श्रम आम्दानीभन्दा खर्च बढी देखिएको हुनाले जीवन चक्रीय अभाव देखिन्छ भने २७ वर्ष देखि ४६ वर्षको अवधिमा खर्चभन्दा आम्दानी बढी भएको हुनाले जीवन चक्रीय बचत रहेको देखिन्छ। त्यसैगरी ४७ वर्ष उमेरपछि श्रम आम्दानीभन्दा खर्च बढी भएकाले जीवन चक्रीय घाटा देखिन्छ।

प्रतिवेदनअनुसार नेपालमा व्यक्तिको जीवनचक्रमा करिब २० वर्षको उमेर अवधिमा मात्र औसत रूपमा जीवनचक्र मुनाफा देखिन्छ। बाँकी उमेर अवधिमा जीवनचक्र घाटा देखिने भएकाले सो अवधिको उपभोग सम्पत्तिको पुनर्वितरणमार्फत वा पारिवारिक तथा सार्वजनिक हस्तान्तरणको माध्यमबाट पूरा गर्नुपर्ने अवस्था रहेको प्रतिवेदनमा उल्लेख छ। सार्वजनिक र निजी उपभोग अलग गरी हेर्दा प्रतिव्यक्ति निजी उपभोग सार्वजनिक उपभोगभन्दा निकै ठूलो देखिएको छ। स्वास्थ्य क्षेत्रमा प्रतिव्यक्ति सार्वजनिक उपभोग योगदानमा निजी उपभोगभन्दा ९०२ एकाइले बढी छ। सन् २०२१/२२ मा प्रतिव्यक्ति कुल श्रम आम्दानी लगभग ८७ हजार ८१४ रुपैयाँ रहेको छ।

कुल श्रम आम्दानीको लगभग ६९ प्रतिशत हिस्सा तलब तथा ज्यालाको छ भने लगभग ३१ प्रतिशत हिस्सा स्वरोजगारबाट प्राप्त आम्दानीको रहेको छ। उमेर समूह अनुसार हेर्दा २५ देखि ६४ वर्ष उमेर समूहको तलब तथा ज्यालाबाट प्राप्त आम्दानीको हिस्सा ७१ प्रतिशत सबैभन्दा ठूलो रहेको छ भने ६५ वर्ष र माथिका वृद्ध उमेर समूहमा यो हिस्सा सबैभन्दा कम ३५ प्रतिशत रहेको छ। यसरी उपभोग र श्रम आम्दानीबीच तुलनात्मक रूपमा ठूलो अन्तर देखिन्छ।

देशको कुल उपभोगभन्दा कुल श्रम आम्दानी कम भएकाले ठूलो जीवनचक्र घाटा रहेको प्रतिवेदनमा उल्लेख छ। नेपाल श्रमशक्ति सर्वेक्षण सन् २०१७/१८ ले नेपालको बेरोजगारी दर ११ दशमलव चार प्रतिशत देखाउनुले नेपालमा बेरोजगारीका कारण उपभोग र श्रम आयबीच ठूलो खाडल स्थापित भएको छ भन्ने आधार स्पष्ट हुन्छ। अर्थात्, यथोचित रोजगार उपलब्ध नभएको अवस्थामा न्यून तलब र स्वरोजगारको सीमित आम्दानीले गर्दा श्रम आम्दानी आवश्यक आधारभूत उपभोग पूरा गर्न पर्याप्त हुन सकेको छैन। "नेपालमा १५ देखि ६४ वर्षका काम गर्न सक्ने उमेर समूह कुल जनसंख्याको ६५ प्रतिशत रहेको छ, जसले आर्थिक वृद्धिका लागि प्रशस्त सम्भावना देखाउँछ।

तर यसको प्रभावकारी उपयोगका लागि रणनीतिक नीति हस्तक्षेप आवश्यक छ", प्रतिवेदनमा भनिएको छ, "श्रम बजारमा श्रम सहभागिता दर ३८ दशमलव पाँच प्रतिशत मात्र छ भने युवा बेरोजगारी १२ दशमलव सात प्रतिशत रहेको छ। बेरोजगारीको यो अवस्थाले नेपालमा सीप विकास र रोजगारी सिर्जना कार्यक्रमको अविलम्ब अभिवृद्धि गर्नुपर्ने आवश्यकता प्रस्तुत गर्दछ।" प्रतिवेदनअनुसार देशको कुल उपभोगभन्दा श्रम आम्दानी निकै कम छ। काम गर्ने उमेर समूहको हिस्सा बढी भए तापनि सीमित रोजगारी र सीप असमानताले युवा बेरोजगारी बढाइरहेको छ।

साथै काम गर्ने उमेर समूहको उल्लेखनीय हिस्सा वैदेशिक रोजगारमा रहेका कारण देशभित्रको आर्थिक क्रियाकलाप अपेक्षित रूपमा फस्टाउन सकेका छैनन्।


तालिमसहित जापान रोजगारीमा पठाउने विश्वासिलो मेनपावर








OXON International Pvt.Ltd. Kathmandu,Nepal

अक्सन इन्टरनेशनल प्रा.लि.
नयाँ बानेश्वर, काठमाडौं

## हिमाल सफा राख्ने सरकारी कार्ययोजना

# अब मागेजति आरोहीले अनुमति नपाउने




जलवायु परिवर्तन र बढ्दो मानवीय गतिविधिका कारण हिमालहरू फोहोरको डम्पिङ साइट बन्न थालेपछि सरकारले कार्ययोजना कार्यान्वयनमा ल्याएको छ। हिमालको भारवहन क्षमताका आधारमा आरोही संख्या तोक्नेदेखि ड्रोनबाट फोहोर संकलन गर्नेसम्मका योजना समेटिएको ५ वर्षे कार्ययोजना सार्वजनिक भएको छ।

हिउँको सेतो बर्को ओढेका नेपाली हिमालहरू अचेल हिउँले मात्र होइन, मानव मलमूत्र, पुराना टेन्ट, अक्सिजन सिलिन्डर र मानव शवहरूले समेत भरिन थालेका छन्। यही गम्भीर चुनौतीलाई चिर्न संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले ५ वर्षे वृहत् कार्ययोजना अघि सारेको छ।

कार्ययोजनाको सबैभन्दा महत्वपूर्ण पक्ष हो– हिमालको बहन क्षमता परीक्षण। अब हिमालमा आरोहीहरूको भीड नियन्त्रण गर्न सरकारले मागेजति अनुमति दिने छैन। हिमालको सामर्थ्य र मौसमको अनुकूलता हेरेर मात्र आरोहीको संख्या र समय निश्चित गरिनेछ।

यसैगरी सगरमाथाको आधार शिविरभन्दा माथि फोहोर संकलन गर्न रोपवे र ड्रोनको प्रयोगबारे सम्भाव्यता अध्ययन गरिनेछ। हिमालमा हराउने वा मृत्यु हुने आरोहीको शव पहिचान गर्न जीपीएस प्रविधिको प्रयोग गरिनेछ। सगरमाथाको उच्च स्थानको फोहोर संकलनका लागि सगरमाथाको क्याम्प-२ मा अस्थायी फोहोर संकलन केन्द्र स्थापना गरी हरेक आरोहीले तोकिएको मात्रामा फोहोर फिर्ता ल्याउनै पर्ने नियम अनिवार्य गरिएको छ।

यसअघि लिइने फोहोर व्यवस्थापन धरौटीलाई अब 'पर्वतीय सरसफाइ शुल्क'मा रूपान्तरण गरी सिधै वातावरण संरक्षण कोषमा जम्मा गरिनेछ। आरोहीहरूका अनुसार हिमालमा अहिले पुरानो फोहोरको तह देखिन थालेको छ। साउथ पोलदेखि हिलारी स्टेपसम्म मृत शरीर र फोहोर छरिएको आरोहीहरू बताउँछन्।

यही अवस्थालाई मध्यनजर गर्दै सरकारले अब 'रेन्जर टिम' गठन गर्ने भएको छ। तालिमप्राप्त पर्वतारोहीहरूको यो समूहले आधार शिविरभन्दा माथिको फोहोर र शव संकलनको विशेष जिम्मेवारी पाउनेछ।

सरकारले अब सगरमाथा आधार शिविर नै स्थानान्तरण गर्नेबारे पनि अध्ययन सुरु गर्ने भएको छ। बेसक्याम्प स्थानान्तर बारे अध्ययन गरिरहेका सगरमाथा आरोही खिमलाल गौतमले यो सरकारको कदम अत्यन्तै सकारात्मक रहेको बताए।

सरकारले स्वीकृत गरेको कार्ययोजना अनुसार हिमाल सफा राख्ने यो महाअभियानमा केन्द्र, प्रदेश र स्थानीय तीनै तहका सरकारले बजेट विनियोजन गर्नुपर्नेछ।

नेपालका हिमालहरू विश्वकै स्वच्छ पानीका भण्डार हुन्। यदि यो ५ वर्षे योजना कागजमा मात्र सीमित नभई व्यवहारमा उत्रियो भने, भावी पुस्ताले पनि हिमाललाई फोहोरको पहाडका रूपमा होइन, सेतो हीराकै रूपमा देख्न पाउनेछन्।



# भाग्य आफैं चम्किँदैन

बिहान पाँचबजेदेखि खटेकी उनी दिउँसो ११ बजे खाना खान कोठामा आउछिन् । दश मिनेटमा गाँस टिपेर पुनः काममा पुग्छिन् र साँझ ७ बजेसम्म त्यहीँ (काम)मा हुन्छिन् । कोठा फर्केर जुठोभान्सा सफा गर्दै साँझको खाना पकाउँछिन् । लुगाकपडा धुन्छिन् र छोराछोरीले पढे, नपढेको हेर्छिन्, विचार गर्छिन् ।



● बिन्दु अधिकारी ढकाल
binduadhikari2018@gmail.com

मेरो केही दिनको तलासीपछि मात्र उनीसँग भेटवार्ता जु¥यो । अर्थ र रोजगार मासिक अङ्कमा मधेस अर्थात् तराई आइनपुगेको लामो समय भएको म स्वयंलाई अवगत थियो । भुइँ मानिसको जनजीवन खोतल्ने क्रममा मेरो कलमको सुरुवात विन्दुमा मिथुन समेटिएका थिए । आफ्नो कर्ममा रमाएर भाग्यको उदय गराउने महिला पात्र खोज्न मैले लामो समय गुर्जानु पर्‍यो । हुन त तराई, पहाड न हिमाल वास्तवमा कसैको पनि भाग्य आफैं चम्किदैन । कडा मिहिनेत र अथक प्रयासपछि मात्र मानिसको भाग्यको उदय हुन्छ ।

यो देशमा केही छैन र हुँदैन भनेर परदेश ताक्ने युवा ताँतीलाई यहीँ सम्भावना छ, गर्दा हुन्छ भन्ने ठुलो उदाहरण यस पटकको लोकसेवा आयोगले आफ्नो नतिजा प्रकाशितमा प्रमाणीत गरिदियो । 'परिवारका तीन जना एकै पटक शाखा अधिकृत' पत्रपत्रिका र अनलाइनमा फोटोसहित खबर छायो ।

उसो त यो स्तम्भकारको छोरो विप्लव ढकाल पनि नेपाल परराष्ट्र सेवाको रा.प. तृतीय श्रेणी शाखा अधिकृत पदमा दुई नम्बरमा सिफारिस हुन सफल भएकोमा हाम्रो घरमा ठुलो खुसीयाली भित्रियो । यस कारण खुसीको माध्यम अरु होइन, स्वयम्को कर्म र जागरले जीवनमा सुगन्धमय खुसी छाउने हो । अनि, त्यही खुसी नै भाग्य, सौभाग्य हो !

प्रत्येक दिन द्रौपदी ठाकुरलाई काममा जान हतार हुन्छ । उनी सधैँ बिहान पाँच बजे ओछ्यानबाट उठिसकेकी हुन्छिन् । अँध्यारैमा आफ्नो नित्य कर्म नुहाइधुवाइ सक्छिन् । चोखो कपडा लगाएर पितृदेव र सूर्यनारायणलाई जल अपर्ण साथै भगवान्को नाम पूजा अर्चना गर्छिन् ।

त्यसो त अबेला नगरी खाना पकाउँछिन् । सात कक्षा पढ्ने कान्छी छोरीको कपाल कोरीबाटीपछि छोराछोरीलाई समयमा खाना खाएर स्कुल/कलेज जान अह्राएर उनी बाटो लाग्छिन् । उनका श्रीमान् राम ठाकुरले उनलाई काम सघाउन पछि सर्दैनन् । दुई जना मिलेर आ-आफ्नो कर्ममा जागर चलाउँदा जीवन सहज किसिमबाट अघि बढेको निष्कर्ष छ, द्रौपदीको ।




बहिनीको माइती तराई कुन जिल्लामा पर्छ ? रामसँग प्रेम विवाह हो ? मैले प्रश्न गरेँ । "सर्लाही जिल्ला मेरो माइत र कर्मघर पनि । नजिकनजिकै पर्छ तर हाम्रो प्रेम विवाह होइन । मागी बिहे हो । म नौ कक्षा पढ्दै बिहे भयो । हाम्रो परम्पराअनुसार आमाबुवाले ठहर्‍याएर सकेको खर्च गरी अन्माइ पठाउनु भयो ।"

श्रीमान्को घरमा कति जनाको परिवार थियो ? मेरो अर्को प्रश्नमा द्रौपदीले भनिन्- "दश जनाको परिवार हुनुहुँदो रहेछ, मसहित एघार जना भयौँ । घरकी माइली बुहारी म गाउँमा पूरा दश वर्ष बसेँ । हाम्रो ठुली छोरी सन्ध्या र छोरो आदित्य त्यही जन्मिएका हुन् भने कान्छी छोरी खुसी काठमाडौंमा । मेरो श्रीमान् छ महिनामा घर (सर्लाही) पुग्नु हुन्थ्यो । केही दिन बसेर पुनः काठमाडौं फर्कनु हुन्थ्यो । यहाँ ठुलो दाजुसँग सीप सिक्दै हुनुहुन्थ्यो नि । जेठानी दिदी पनि यतै हुनुभएको कारण श्रीमान्ले छोरी सन्ध्यालाई सानैमा काठमाडौं ल्याएर स्कुल भर्ना गरिदिनु भयो ।"

त्यसको केही वर्षपछि छोरोलाई स्कुल भर्ना गर्ने शिलशिलामा द्रौपदी काठमाडौं आइन् तर वर्षमा आधा जस्तो समय उतै (गाउँ) जानुपर्थ्यो । २०७२ सालदेखि त्यो क्रम क्रमशः छोटियो । भनौँ, छट पर्व र जरुरी काम बाहेक राजधानीको बास भयो । यता, श्रीमान्को मात्र भरमा कसरी गुजारा गर्नु ? तीन जना बच्चाहरू छन्, तिनीहरूलाई पढाउन, कोठाभाडा तिर्न, कहिले बिरामी पर्लान्, औषधी उपचार गर्न जहाँ पनि पैसाको काम पर्छ । आफू दिनभरि हात बाँधेर बस्नु भन्दा कुनै

सीप सिक्न पाए त्यसले रोजगार दिन्थ्यो र दुई चार पैसा खेलाउन सकस पर्ने थिएन। द्रौपदीको मनमा यस किसिमको हुटहुटी थियो।

"याँ पढेका मानिसले गर्ने काम अलग छ। त्यो धारतिर नलागेर कम पढेका वा अक्षर नै नचिनेकाहरूको सूचि झन् कत्रो होला ? मेरो मनमा सधैँ उब्जने प्रश्न। एक दिन एक जना साथीले मलाई सिलाइ सिक्ने हो ? भनेर सोध्नु भो। मैले पहिल्यैदेखि आफू बेरोजगार नबस्ने सोच पालेकी हुनाले जागर खोलेर साथीको पछि लागेँ। 'तँ चिता म पुऱ्याउछु' भन्छन्, रे भगवान्ले। मैले बिना खर्च सिलाइ कटाइ सिकेँ।" द्रौपदीले हिम्मतिलो बात गरिन्। वास्तवमा मनमा अठोट भएरै उनी लगातार काममा खट्न थालिन्।

उनले सिलाइ सिकेर कुर्था सुरुवाल, ब्लाउज र पेटीकोट सिलाउँदा त्यति पोसाएन भनेर गार्मेन्टतिर फड्को मारिन्। आफ्नो घरव्यवहार भ्याएर छोराछोरीको रेखदेख गर्दै काममा खट्दा महिनाको १२ देखि १५ हजारसम्म कमाउँछिन्। उनलाई छुट्टी बस्न मन लाग्दैन। हप्ताको एक दिन पाइने बिदामा पनि 'काम नै प्यारो' भनेर बाटो लाग्छिन्। आफ्नो कामको आधारमा पारिश्रमिक हात पर्ने हुनाले र बासस्थानबाट टाढा नहुनाले तनमन सधैँ लयमै जाग्छिन्। श्रीमान् के काम गर्नुहुन्छ नि ? आम पाठकको जिज्ञासा मेटाइदिन मैले सोधेँ।

"मेरो श्रीमान्को 'राम हेयर शैलुङ' छ, उहाँ त्यतै व्यस्त हुनुहुन्छ। अर्को लामो समयदेखि महानायक राजेश हमालको हेयर डिजाइनरको रुपमा पनि उहाँले काम गर्दै आउनुभएको छ। यसो हुँदा राजेश दाजु सँगसँगै सुटिङमा पनि जानुपर्छ। नेपाल अधिराज्यभरि कहिले कुन जिल्ला कहिले कुन प्रदेश पूर्व-पश्चिम एक पल्ट हिँडेपछि थोरै भनेको सात दिन। कहिलेकाहीँ त महिना दिनमा मात्र घर आउनु हुन्छ।"

राम द्रौपदीकी ठुली छोरी फामेर्सी पढ्दै छिन्। उनको साढे तीन वर्षको पढाइ चलिरहेको छ। छोरो ट्रिटन कलेजमा कक्षा ११ मा पढ्दै छन्। छोरोको पढाइमा छुट भए पनि फामेर्सी पढाइमा भने फी छुट छैन। नेपालमा स्वास्थ्य र शिक्षा महँगो छ, जुन विदेशमा निःशुल्क हुन्छ।

आखिर 'राम हेयर शैलुङ' दर्ता गरेर खोलेका हुन्, द्रौपदीका श्रीमान्ले। त्यस बापत राज्यलाई कर तिरेका छन्। समय-समयमा 'रिन्यू' पनि गर्नुपर्छ, नगद कै काम पर्छ। श्रमशील नागरिकले करबापत तिरेको नगद राज्यकोषमा जम्मा हुन्छ। त्यो रकमको सदुपयोग जनताकै हितमा लगानी हुनुपर्ने हो तर कहाँ र कसरी खर्च हुन्छ ? राज्यसँग हिसाब छ, छैन ? यहाँ नागरिकका लागि भलो सोच्न फुर्सद नै कहाँ होला र ? यसै त हाम्रो अस्थिर सरकार त्यसमाथि भाद्र २३/२४ गते पछिको समय झन् कति तरल भएको छ।

श्रीमान्को पढाइ लेखाइबारे के कति थाहा छ, यहाँ बताउन मिल्छ ? "किन नहुनु था' छ र बताउन नि मिल्छ। उहाँले आठ कक्षा पढ्नु भएको। औपचारिक शिक्षा हाम्रो उस्तै-उस्तै हो। याँ मान्छेहरू भन्छन्, आवश्यकतायुक्त परिस्थितिले मानिसले आफ्नो गन्तव्य तयार गर्छ। त्यस्तै, हामीले पनि गन्तव्यलाई पछ्याउन थाल्यौँ। आजभोलि नै पुगिने छैन, त्यो गन्तव्यमा। जहाँ छोराछोरीको भविष्य पनि उनीएको छ। हामीले आफ्नो इमानलाई सही प्रयोग गरेको खण्डमा उनीहरू त्यही बाटोमा हिँड्छन्। कथन हामीले बाटो फरक पाऱ्यौँ/गऱ्यौँ कि उनीहरूको अत्तोपत्तो हुँदैन।"

ऋण नहुने मानिस संसारमा सायदै होलान्। द्रौपदीको भनाइ अनुसार "ऋण छ, हेयर शैलुङको नामबाट सापट काढेका छौँ। हामी सधैँ बैंकमार्फत कारोबार गर्छौं। उपलब्धिमूलक काम गर्न थप पैसा चाहिन्छ। हामीले सर्लाहीमा केही धुर घडेरी किनेका छौँ। त्यही घडेरी धितो राखेर व्यवहार चलाउन सहज भएको छ। याँ बिना लोन केही गर्न सकिँदैन। फेरि, लोन लिने भनेर जति पनि आँट्ने हैन तर आफ्नो घाँटीको साइजअनुसार काम गऱ्यो भने जीवनका अप्ठ्यारा गाँठा खुल्दै र फुक्दै जान्छन्।"

गार्मेन्टमा गएर बच्चाको दौरा, सुरुवाल, भोटो, टोपीलगायत सिलाउने क्षमता द्रौपदीमा विकास भइसकेको छ। यही क्षमताको कारण उनी आर्थिक रुपमा सक्षम छिन्। महिनावारी जुन आर्जन गर्छिन्, काममा खटेर कमाएको रकम त्यो उनको श्रम हो। यहाँ कति दिदीबहिनीको सोच महिला भएर बाहिरफेर काम गर्न असहज हुन्छ, कहाँ जानु ? के गर्नु ? भनेर उल्टै तर्क गरेर मनमा भ्रम पाल्दै बसेका छन्। अनि, उनीहरू नै महिला अधिकारका कुरा गर्छन्। अधिकार आफैँ आउँदैन- अड्चन पन्छाएर स्वयम्ले छोप्नु पर्छ !

गार्मेन्ट भनेको अर्काको अरनखटनमा चल्नु हो। त्यता नधाउन आफैँले सिलाइ मेशीन किनेर सटर भाडामा लिएर काम सुरु गर्ने योजना कहिले बन्छ ? कौतुहलपूर्ण मेरो जिज्ञासामा द्रौपदी भन्छिन्- "मैले अहिले नै त्यो सोच बनाएकी छैन तर भविष्यमा के हुन्छ, आउने समयले बताउला। म सीपमा बाँच्न सक्षम हुनु मेरो घर र माइती दुवैतिरको माया पाएकी छु। बुवा किशोरी ठाकुर, आमा र सासुआमाको सेम नाम सुशीलादेवी र ससुराबुवाको नाम रामविलास ठाकुर हो। नरेश र रिङ्कु मेरा दाजु भाउजू गाउँमा खेती किसानका साथै दाजुले रोड विकास (ठेकेदार)को काम पनि गर्नुहुन्छ। दुई भदाहरू स्मीत र अंकित यतै स्कुल पढ्छन्। उनीहरूको हेरविचार गर्ने जिम्मा मेरै काँधमा छ।"

द्रौपदीको भनाइअनुसार महिनाको पन्ध्र हजार कोठा भाडा तिर्नुपर्छ र शैलुङको दश हजार। यहाँ सानो आम्दानीले बाँच्न निकै सकस छ। महिनाभरिको खर्चलाई थाती राखेर दैनिक आवश्यकतातिर फर्कनु हो भने एक छाक वा एक दिन गुजारा नै निकै महँगो छ। फलफुल र तरकारीको दामले आकाश छुन खोज्छ अनि चामल, दाल, तेल र माछामासुलगायत केही सस्तो छैन। उसो त जाडोमा न्यानो र गर्मीमा शीतल नभइ हुँदैन। यसमा पनि पैसा कै कुरो आउछ।

आफ्नो लागि खुसी पस्किने दोस्रोले होइन। तेस्रो न चौथो कसैले पनि होइन बरु मौका परे उनीहरूको काम कर्मठ पात्रलाई उडाउनु हो। जिस्क्याउनु, जिज्याउनु र त्रास फैलाउनु। अर्को यथार्थ संसारमा कोही मानिस दूधले नुहाएका हुँदैनन् तर कर्म भने गर्नै पर्छ। आ-आफ्नो भाग्यलाई स्वयंले संरक्षण गर्नुपर्छ। जसरी द्रौपदीले अहोरात्र मिहिनेत गरेकी छन्।

बिहान पाँचबजेदेखि खटेकी उनी दिउँसो ११ बजे खाना खान कोठामा आउछिन्। दश मिनेटमा गाँस टिपेर पुनः काममा पुग्छिन् र साँझ ७ बजेसम्म त्यहीँ (काम)मा हुन्छिन्। कोठा फर्केर जुठोभान्सा सफा गर्दै साँझको खाना पकाउँछिन्। लुगाकपडा धुन्छिन् र छोराछोरीले पढे, नपढेको हेर्छिन्, विचार गर्छिन्। मोबाइलको लतमा पर्ने हुन् कि ? ठुलो चिन्ता छ। कान्छी छोरीले गृहकार्य नसकुन्जेल उनलाई पनि निन्द्रा लाग्दैन। राति साढे दश/एघार बजे ओछ्यानमा जान्छिन्। यही क्रम अर्को दिन अर्थात् भोलि सुरु हुन्छ।

उनका श्रीमान् रामले आफ्नो कामसँगै श्रीमतीलाई सहयोग गर्छन्। श्रीमतीले पनि श्रीमान्को कामलाई सधैँ कदर गरेकी छिन्। मुखले गर्नुपर्ने भए मुखले हातले गर्नुपर्ने भए हातले र व्यवहार देखाउनु छ भने त्यही किसिमले। तरकारी र खाद्यय घरमा कुन सामाग्री कति र कस्तो चाहिएको छ। अनि, श्रीमतीको व्यस्त जीवनलाई कुन भावनाबाट कसरी हात र साथ दिनुपर्दछ। यसतर्फ पनि राम चनाखो छन्। परेवा यी जोडीको समय यसरी नै अघि बढोस्। द्रौपदी र राम अनेकमा नमूना जोडी हुन्। हाम्रो तर्फबाट असिम शुभकामना !

# नेपालमा लगानी भित्र्याउन युएईका वित्तसचिवलाई महासंघका अध्यक्षको आग्रह



नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकाल र संयुक्त अरब इमिरेट्स (यूएई) को वित्त मन्त्रालयका सचिव महामहिम अब्दुल्ला अहमद अल सालेहबीच भेटवार्ता भएको छ। भेटवार्तामा नेपाल-यूएई द्विपक्षीय आर्थिक सम्बन्धलाई थप सुदृढ गर्दै व्यापार तथा लगानी सहकार्य विस्तार गर्ने विषयमा छलफल भएको छ।

संयुक्त अरब इमिरेट्सका लागि नेपाली राजदूत महामहिम तेजबहादुर क्षेत्रीको उपस्थितिमा सम्पन्न भेटमा दुवै पक्षले आगामी दिनमा नेपाल-यूएई आर्थिक सहकार्यलाई थप प्रभावकारी बनाउँदै पारस्परिक लाभका आधारमा साझेदारी अघि बढाउने प्रतिबद्धता व्यक्त गरेका छन्।

सो अवसरमा महासंघ अध्यक्ष ढकालले नेपालमा उपलब्ध लगानी सम्भावनाबारे जानकारी गराउँदै निजी क्षेत्रबीचको सहकार्य सुदृढ बनाउनुपर्नेमा जोड दिए। उनले जलविद्युत्, पर्यटन, कृषि प्रशोधन, ठूला पूर्वाधार तथा सूचना प्रविधि (आईटी) जस्ता प्राथमिकता प्राप्त क्षेत्रमा व्यापार तथा लगानी सहकार्य विस्तार गर्न सकिने उल्लेख गरे।

अध्यक्ष ढकालले काठमाडौँका लागि एमिरेट्स एयरलाइन्सको प्रत्यक्ष उडान सुरु भए पर्यटन, व्यापार तथा समग्र व्यावसायिक आवागमन विस्तारमा महत्वपूर्ण योगदान पुग्ने पनि बताए। यूएई वित्त मन्त्रालयका सचिव अब्दुल्ला अहमद अल सालेहले नेपालले प्रस्तुत गरेका परियोजना र अवसरहरूप्रति यूएई पक्षले चासो देखाउँदै निजी क्षेत्रबीचको सहकार्य बढाउन सकारात्मक रहेको धारणा व्यक्त गरे।

भेटका क्रममा दुवै पक्षले सहकार्यलाई अझ गहिरो बनाउँदै आगामी दिनमा ठोस परिणामतर्फ अघि बढ्ने साझा प्रतिबद्धता व्यक्त गरेका छन्। साथै, सचिव अल सालेहले सन् २०१८ मा गरेको नेपाल भ्रमणको स्मरण गर्दै नेपाली आतिथ्यता र नेपाली खानाले आफूलाई निकै प्रभावित पारेको प्रतिक्रिया व्यक्त गरेको अध्यक्ष ढकालले जानकारी दिए।



# एनआरएनएको १२औं महाधिवेशन फेब्रुअरी २३ देखि २५ सम्म हुने




गैरआवासीय नेपाली संघ (एनआरएनए)को १२ औं अन्तर्राष्ट्रिय महाधिवेशन फेब्रुअरी २३ देखि २५ सम्म हुने भएको छ। एनआरएनएको बृहत् एकता पश्चात् गठित स्टेरिङ कमिटीले संघको १२औँ अन्तर्राष्ट्रिय महाधिवेशन तथा निर्वाचन सन् २०२६ को फेब्रुअरी २३, २४ र २५ मा गर्ने निर्णय गरेको हो।

महासचिवद्वय गौरीराज जोशी र बी.आर लामाद्वारा जारी विज्ञप्तिका अनुसार, बैठकले महाधिवेशनको मिति तय गर्नुका साथै संस्थागत एकता र सुदृढीकरणका लागि विभिन्न महत्वपूर्ण निर्णयहरू पनि गरेको छ।

बैठकले राष्ट्रिय समन्वय समिति (एनसीसी)हरूको एकतालाई सहजीकरण गर्न गंगाधर गौतमको संयोजकत्वमा पाँच सदस्यीय 'एनसीसी युनिटी फ्यासिलिटेसन कमिटी' गठन गरेको छ। उक्त समितिमा टीका गुरुङ (राधिका) सह-संयोजक रहेकी छिन् भने सदस्यहरूमा नारायण काफ्ले, शनी ओली र चिरञ्जीवी खड्का रहेका छन्।

यसैगरी, बृहत् एकताको सन्देश प्रवाह गर्न र महाधिवेशनको तयारीस्वरूप विभिन्न क्षेत्रमा अन्तरक्रिया तथा संवाद कार्यक्रम गर्ने निर्णय भएको महासचिव लामाले जानकारी दिए।

त्यसैगरी बैठकले स्टेरिङ कमिटीले अनुशासन र जिम्मेवारीलाई कडाइका साथ लागु गर्ने निर्णय गर्दै कमिटीका सम्पूर्ण सदस्यहरूले आगामी बैठक बस्नु अगावै प्रतिवद्धता पत्रमा हस्ताक्षर गरिसक्नुपर्ने समय सिमा पनि तोकेको छ। हस्ताक्षर नगर्ने सदस्यलाई आगामी बैठकमा सहभागिता जनाउन नदिने निर्णय पनि गरिएको छ। त्यसैगरी सदस्यता समितिमा २ जना सदस्य थप गरी ७ सदस्यीय बनाउने निर्णय पनि बैठकले गरेको छ।

बैठकले १२औँ महाधिवेशनलाई ऐतिहासिक रूपमा सफल बनाउन र तत्काल तयारी थाल्न विश्वभर रहेका सम्पूर्ण गैरआवासीय नेपाली समुदाय तथा राष्ट्रिय समन्वय परिषदहरूलाई अपिल गरेको छ।

मंसिर १४ गते प्रधानमन्त्री सुशीला कार्कीको उपस्थितिमा एनआरएनएका महेशकुमार श्रेष्ठ र डा. बद्री केसी पक्षबीच एकता भएको थियो।

# एनआरएनएद्वारा प्रहरीबृत्त दरबारमार्गलाई ब्यारिकेड हस्तान्तरण




गैरआवासीय नेपाली संघ (एनआरएनए)ले नेपाल प्रहरीको दरबारमार्गस्थित प्रहरीबृत्तलाई १० थान ब्यारिकेड हस्तान्तरण गरेको छ। संघका अध्यक्ष डा. बद्री केसीले बृत्तका प्रहरी नायब उपरीक्षक (डीएसपी) नारायण डाँगीलाई उक्त सहयोग सामाग्री हस्तान्तरण गरेका हुन्।

गत भदौ २३-२४ को जेनजी आन्दोलनका क्रममा उक्त प्रहरी बृत्तमा पनि क्षति पुगेको थियो। कार्यक्रममा अध्यक्ष डा. केसीले आन्दोलनका क्रममा भएको क्षतिलाई पूर्ण रुपमा पूर्ति गर्न नसके पनि केही हदसम्म सहयोग होस् भन्ने हेतुले ब्यारिकेड प्रदान गरिएको उल्लेख गरे। उनले यसअघि पनि महानगरीय प्रहरी बृत्त रानीपोखरीमा फर्निचर सहयोग गर्नुका साथै उपत्यका ट्राफिक प्रहरी कन्ट्रोलरुम रामशाह पथमा अत्याधुनिक उपकरणहरू सहयोग गरेको स्मरण गराउँदै एनआरएनएले सामाजिक कार्यमा जहिले पनि नेपाल प्रहरीसँग सहकार्य गर्दै आएको बताए।

कार्यक्रममा प्रहरी बृत्त प्रमुख डीएसपी डाँगीले शान्ति सु-व्यवस्था कायम गर्नका लागि एनआरएनएको सहयोग महत्वपूर्ण हुने भन्दै आभार व्यक्त गरे। एनआरएनएले बृत्तलाई ३ लाख मूल्य बराबरको १० थान ब्यारिकेड हस्तान्तरण गरेको हो।

कार्यक्रममा एनआरएनए महिला संयोजक रश्मि थापा, पूर्व युवा उपाध्यक्ष अब्दुल बासिद, प्रमुख कार्यकारी अधिकृत राजेन्द्र कुमार राउत, वरिष्ठ अधिकृत कुनाल मिश्र र सहायक अधिकृत निरन महर्जनको उपस्थिति रहेको थियो।

# औपचारिक क्षेत्रका लागि सञ्चालित योजनाहरू



### औषधि उपचार, स्वास्थ्य तथा मातृत्व सुरक्षा योजना

**औषधी उपचार**
- योगदानकर्ताको श्रीमान्/श्रीमती र १८ वर्षसम्मको सन्ततिलाई।

**प्रसूति स्याहार**
- एक महिनाको न्यूनतम पारिश्रमिक।

**प्रसूति बिदा**
- ९८ दिनको निजको न्यूनतम आधारभूत पारिश्रमिकको ६०%।

**बिरामी बिदा**
- वार्षिक ७९ दिनसम्म निजको न्यूनतम आधारभूत पारिश्रमिकको ६०%।

**घातक रोग**
- १० लाखसम्मको औषधी उपचार खर्च।



### दुर्घटना र अशक्तता सुरक्षा योजना

**दुर्घटना बापतको सुविधा**
- रोजगारीजन्य दुर्घटना र व्यवसायजन्य रोगको सम्पूर्ण उपचार खर्च।
- अन्य दुर्घटनाको ७ लाख उपचार खर्च।

**अशक्तता बापतको सुविधा**
- अस्थायी पूर्ण असक्षमता : निजको आधारभूत पारिश्रमिकको ६०%।
- स्थायी आंशिक असक्षमता : असक्षमताको अनुपातमा निजको आधारभूत पारिश्रमिकको ६०% सम्म जीवनभर निवृत्तभरण।
- स्थायी पूर्ण असक्षमता : निजको आधारभूत पारिश्रमिकको ६०% जीवनभर निवृत्तभरण।



### आश्रित परिवार सुरक्षा योजना

**आजीवन निवृत्तभरण**
- पति वा पत्नीलाई आजीवन निवृत्तभरण।
- आमा बाबुलाई आजीवन निवृत्तभरण।

**शैक्षिक वृत्ति**
- सन्ततिलाई २१ वर्षसम्म मासिक रूपमा प्रदान।

**अन्तिम संस्कार खर्च**
- २५ हजार रुपैयाँ

**एकमुष्ट रकम फिर्ता**
- आश्रित परिवारलाई कोषमा वृद्ध अवस्था सुरक्षा योजना अन्तर्गत जम्मा भएको रकम
- प्रतिफल सहित एकमुष्ट फिर्ता।



### वृद्ध अवस्था सुरक्षा योजना

**निवृत्तभरण योजना**
- ६० वर्षपछि आजीवन निवृत्तभरण।

**अवकाश सुविधा योजना**
- जागिरबाट अलग हुँदा वा ६० वर्षपछि जम्मा भएको रकम प्रतिफलसहित एकमुष्ट फिर्ता।



**कर सम्बन्धी व्यवस्था**
- १% सामाजिक सुरक्षा कर छुट।
- कर योग्य आम्दानीको एक तिहाई वा वार्षिक रु. ५ लाखसम्म आयमा कर छुट।
- ३१% बाहेक बढी रकम जम्मा गर्न चाहेमा अतिरिक्त जम्मा गर्न सकिने व्यवस्था।



### योगदानकर्ता सापटी

**विशेष सापटी** : अवकाश बचत योजनामा जम्मा भएको रकमको ८०% सम्म सापटी प्रदान।

**घर कर्जा सापटी** : ७५ लाखसम्म।

**शैक्षिक सापटी** : ३५ लाखसम्म।



## पेन्सन योजना

- अशक्त पेन्सन
- आश्रित परिवार पेन्सन
- वृद्ध अवस्था पेन्सन

सामाजिक सुरक्षा कोष
Social Security Fund

# बैंककस्थित नेपाली दूतावासले घटायो राहदानी सम्बन्धी सेवा शुल्क

थाइल्याण्डको बैंककस्थित नेपाली दूतावासले विभिन्न कन्सुलर तथा राहदानी सेवामा लाग्ने शुल्कमा परिवर्तन गरेको छ।

दूतावासले जारी गरेको सूचनाअनुसार स्थानीय मुद्रा थाई भाटमा लिने राजस्व दस्तुरमा र विनिमय दरमा आएको परिवर्तन समायोजन गर्दै नयाँ शुल्क दर कायम गरिएको हो।

सूचनाअनुसार राहदानीसम्बन्धी सेवामा शुल्क घटाइएको छ। ३४ पृष्ठको साधारण राहदानीका लागि शुल्क ३,२०० बाट २,६०० भाट पुऱ्याइएको छ भने ६६ पृष्ठको साधारण राहदानीको शुल्क ५,२०० बाट ४,२०० भाट कायम गरिएको छ।




त्यसैगरी, हराएको, च्यातिएको, केरमेट भएको वा अन्य कारणले प्रयोग हुन नसक्ने राहदानीका हकमा लाग्ने शुल्क पनि ४,८०० बाट ३,९०० भाट तोकिएको छ। १० वर्षभन्दा कम उमेरका नाबालकको हकमा राहदानी शुल्क १,६०० बाट १,३०० भाट कायम गरिएको छ।

कन्सुलर सेवा अन्तर्गत विभिन्न कागजात प्रमाणीकरण, मञ्जुरीनामा, जनशक्ति/रोजगार तथा सेवा सम्झौता, विवाह दर्ता प्रमाणपत्र, शैक्षिक प्रमाणपत्र, नाता प्रमाणित, नागरिकता तथा लाइसेन्स, जन्म-मृत्यु दर्ता लगायत सेवामा लाग्ने शुल्क १,६०० बाट १,३०० भाट कायम गरिएको छ।

यस्तै, बैंक तथा वित्तीय संस्थाबाट जारी कागजात, प्रहरी प्रतिवेदन, चिकित्सकको प्रमाणपत्र, उत्पत्तिको प्रमाणपत्रलगायत अन्य कागजात प्रमाणीकरणको शुल्क २,००० बाट १,६०० भाट तोकिएको छ।

गैरआवासीय नेपाली परिचयपत्र सम्बन्धी सेवामा पनि शुल्क समायोजन गरिएको छ। गैरआवासीय नेपालीका रूपमा दर्ता निवेदन दिँदा लाग्ने शुल्क ८०० बाट ६५० भाट कायम गरिएको छ। नेपाली मूलका विदेशी नागरिकलाई परिचयपत्र जारी तथा नवीकरण गर्दा लाग्ने शुल्क १०,००० बाट ८,००० भाट बनाइएको छ भने विदेशमा बस्ने नेपाली नागरिकका लागि परिचयपत्र जारी तथा नवीकरण शुल्क २,००० बाट १,६०० भाट निर्धारण गरिएको छ।

नेपाली दूतावास, बैंककले संशोधित शुल्कदर लागू भइसकेकाले सेवा लिन आउने सेवाग्राहीहरूलाई नयाँ दरअनुसार राजस्व बुझाउन अनुरोध गरेको छ।






# राष्ट्रिय वाणिज्य बैंक सम्मानित

नेपाल क्लियरिङ हाउस लिमिटेडले आफ्नो १७ औँ वार्षिकोत्सवका अवसरमा राष्ट्रिय वाणिज्य बैंकलाई दुई फरक विधामा सम्मान प्रदान गरेको छ। डिजिटल भुक्तानी र प्रविधिमैत्री सेवामा उल्लेखनीय योगदान पुऱ्याएको भन्दै बैंकलाई एकसाथ दुई अवार्ड दिइएको हो।

काठमाडौँमा आयोजित विशेष समारोहमा बैंकलाई सबैभन्दा बढी 'क्यूआर' मर्चेन्ट कारोबार गर्ने र सबैभन्दा बढी डिजिटल सरकारी कारोबार गर्ने बैंकको रूपमा पुरस्कृत गरिएको हो। उक्त सम्मान बैंकका प्रमुख कार्यकारी अधिकृत देवेन्द्र रमण खनालले ग्रहण गरे। सरकारी स्वामित्वको यस बैंकले पछिल्लो समय प्रविधिमा आधारित सेवालाई व्यापक बनाउँदै लगेको छ।

सम्मान ग्रहणपछि बैंकले आगामी दिनमा पनि डिजिटल बैंकिङको प्रवर्द्धन, सुरक्षित भुक्तानी प्रणाली र ग्राहक केन्द्रित सेवामा थप प्रतिबद्ध भएर लाग्ने जनाएको छ। नेपाल राष्ट्र बैंकबाट अनुमति प्राप्त नेपाल क्लियरिङ हाउसले हरेक वर्ष उत्कृष्ट प्रदर्शन गर्ने वित्तीय संस्थाहरूलाई प्रोत्साहनस्वरूप यस्तो सम्मान प्रदान गर्दै आएको छ।

# एनआईसी एशिया बैंकको अध्यक्षमा अग्रवाल नियुक्त



एनआईसी एसिया बैंकको अध्यक्षमा अशोककुमार अग्रवाल नियुक्त भएका छन्। बैंकको सञ्चालक समितिको बैठकले अग्रवाललाई अध्यक्ष पदमा नियुक्त गरेको हो।

नवनियुक्त अध्यक्ष अग्रवालले नेपाल राष्ट्र बैंकका गर्भनर प्रा. डा. विश्वनाथ पौडेलबाट पद तथा गोपनियताको शपथ ग्रहण गरेका छन्।

अग्रवालले नेपालको बैंक, वित्तीय क्षेत्र, बीमा तथा कर्पोरेट क्षेत्रमा लामो अनुभव हासिल गरेका छन्।

# पाँच महिनामा ५८ प्रतिशतले बढ्यो निर्यात




पछिल्लो पाँच महिनामा नेपालको निर्यात व्यापार ५८.१७ प्रतिशतले बढेको छ। भन्सार विभागले सावर्जनिक गरेको चालु आर्थिक वर्ष (आव) २०८२/८३ को पहिलो पाँच महिनाको आयात निर्यातको तथ्यांक अनुसार गत आवको सोहि अवधिको तुलनामा नेपालको निर्यात व्यापार बढेको देखिएको हो। चालु आवको मंसीर महिनासम्म नेपालले कुल १ खर्ब १६ अर्ब ५० करोड ९० लाख रुपैयाँ भन्दा बढीको बस्तु निर्यात गरेको छ। गत आवको सोहि अवधिमा नेपालले ७३ अर्ब ६५ करोड ९७ लाख ७१ हजार रुपैयाँको मात्रै बस्तु निर्यात गरेको थियो।

यस बिचमा नेपालको आयात व्यापारमा पनि सुधार भएको देखिएको छ। चालु आवको मंसीरसम्म नेपालले ७ खर्ब ६६ अर्ब १८ करोड ९१ लाख रुपैयाँको बस्तु आयात गरेको छ। गत आवको सोहि अवधिमा नेपालले ६ खर्ब ६१ अर्ब ४८ करोड ८५ लाख रुपैयाँको बस्तु आयात गरेको थियो। यो आयात गत आवको तुलनामा १५.८३ प्रतिशतले धेरै हो।

विभागका अनुसार पाँच महिनामा कुल वैदेशिक व्यापार २०.०७ प्रतिशतले बढेर ८ खर्ब ८२ अर्ब ६९ करोड ८२ लाख २९ हजार रुपैयाँ पुगेको छ। गत आवको सोही अवधिमा कुल वैदेशिक व्यापार ७ खर्ब ३५ अर्ब १४ करोड ८३ लाख ६५ हजार रुपैयाँ थियो।

यसैगरी व्यापार घाटा भने १०.५२ प्रतिशतले बढेर ६ खर्ब ४६ अर्ब ६८ करोड १ लाख ५६ हजार रुपैयाँ पुगेको छ। गत आवको सोही अवधिको व्यापार घाटा भने ५ खर्ब ८७ अर्ब ८२ करोड ८८ लाख २२ हजार रुपैयाँ रहेको थियो।




# माछापुच्छ्रे बैंक 'पार्टनरशिप फर कार्बन अकाउन्टिङ फाइनान्सियल्स'मा

माछापुच्छ्रे बैंकले वित्तीय क्रियाकलापबाट हुने हरितगृह ग्यास उत्सर्जनको मापन तथा मूल्यांकन र यसको न्यूनिकरणको क्षेत्रमा काम गरिरहेको पार्टनरशिप फर कार्बन अकाउन्टिङ फाइनान्सियल्स (पीसीएएफ)सँग सहकार्य गरेको छ।

पार्टनरशिप फर कार्बन अकाउन्टिङ फाइनान्सियल्स विश्वव्यापी साझेदारीको रुपमा विश्वका विभिन्न देशमा रहेका ६०० भन्दा बढी वित्तीय संस्थाहरूसँग ऋण र लगानीसँग सम्बन्धित हरितगृह ग्यास उत्सर्जनको मूल्याङ्कन र त्यसको विवरण प्रकाशन गर्न एक सामंजस्यपूर्ण दृष्टिकोण विकास र कार्यान्वयन गर्न मुख्य भूमिका खेलिरहेको छ। पार्टनरशिप फर कार्बन अकाउन्टिङ फाइनान्सियल्सले विश्वव्यापी मान्यता प्राप्त मापदण्डमार्फत बैंक तथा वित्तिय संस्थाहरूलाई आफ्ना वित्तीय क्रियाकलापबाट हुने उत्सर्जन हरितगृह ग्यासको पहिचान गरी भरपर्दो जलवायु रणनीति अपनाउनका लागि महत्वपूर्ण भूमिका निर्वाह गर्दछ।

विश्वमा बढ्दै गइरहेको हरितगृह ग्यास र यसबाट भविष्यमा उत्पन्न हुनसक्ने जटिल समस्याका बारेमा सचेत रहेको माछापुच्छ्रे बैंकले पनि पार्टनरशिप फर कार्बन अकाउन्टिङ फाइनान्सियल्समा सहभागी भएर आफ्नो व्यवसायिक कार्यप्रणाली तथा दीर्घकालीन रणनीतिमा वातावरणीय उत्तरदायित्वलाई अझ मजबुत बनाउने प्रतिबद्धता व्यक्त गरेको छ। यो कदमले बैंकको जलवायु एजेन्डालाई थप सुदृढ बनाउँदै, वित्तीय क्रियाकलापबाट पर्ने वातावरणीय प्रभाव बुझ्न, जलवायु जोखिम व्यवस्थापन क्षमता बढाउन तथा नेपालले लिएको कम-कार्बन उत्सर्जनको नीति तथा जलवायु-लचकदार अर्थतन्त्रतर्फको यात्रालाई सहयोग पुऱ्याउने विश्वास बैंकले लिएको छ।

# ई-सेवाको 'लाखौं लाख शुभकामना' योजना सार्वजनिक

नेपालकै पहिलो डिजिटल भुक्तानी सेवा प्रदायक कम्पनी ई-सेवाले अंग्रेजी नयाँ वर्ष २०२६ को अवसरमा 'लाखौं लाख शुभकामना' नामक आकर्षक बम्पर योजना सार्वजनिक गरेको छ।

यो योजनाअन्तर्गत वैदेशिक रोजगारी तथा अन्य प्रयोजनका लागि विदेशबाट ई-सेवा प्रयोग गरी रेमिट्यान्स पठाउने ग्राहकहरूले नगद पुरस्कार जित्ने अवसर प्राप्त गर्नेछन्। कम्पनीका अनुसार हरेक हप्ता चार जना सहभागीले अधिकतम २६ हजार रुपैयाँसम्म पुरस्कार जित्न सक्नेछन् भने बम्परतर्फ एक जना भाग्यशाली विजेताले २ लाख २ हजार ६ सय रुपैयाँ प्राप्त गर्नेछन्।

यस योजनाबारे जानकारी दिँदै ई-सेवाका प्रमुख कार्यकारी अधिकृत जगदीश खड्काले भने, "अंग्रेजी नयाँ वर्ष २०२६ लाई लक्षित गरी यो योजना ल्याएका हौं, जसमा रेमिट्यान्स पठाउने प्रयोगकर्ताहरू सहभागी भई आकर्षक नगद पुरस्कारहरू जित्न सक्नेछन्। यस अवसरमा हामी सम्पूर्ण प्रयोगकर्तालाई सुख, शान्ति र समृद्धिको कामना सहित नयाँ वर्ष २०२६ को हार्दिक शुभकामना पनि व्यक्त गर्दछौं।"

यो योजना अमेरिका, बेलायत, क्यानडा, साउथ कोरिया, जापान, रोमानिया, मलेसिया, यूएई, साउदी अरेबिया लगायत विश्वका विभिन्न देशबाट ई-सेवा प्रयोग गरी रेमिट्यान्स पठाउने प्रयोगकर्ताहरूका लागि लागू हुने कम्पनीले उल्लेख गरेको छ।

कम्पनीका अनुसार विजेताहरूको छनोट 'लक्की ड्र' प्रणालीमार्फत गरिनेछ।




# एनएमबि बैंकलाई डिजिटल सर्भिसेज् आइसीटी अवार्ड

एनएमबि बैंक लिमिटेडले डिजिटल रूपान्तरणमार्फत उत्कृष्ट सेवा प्रवाह गरेबापत डिजिटल सर्भिसेज् आइसीटी अवार्ड २०२५ (ईन्टरप्राईज क्षेत्र) प्राप्त गरेको छ। यो अवार्ड डिजिटल प्रविधिको प्रयोग गरी सार्वजनिक सेवालाई थप सहज, प्रभावकारी र पहुँचयोग्य बनाउने संस्थाहरूले प्राप्त गर्दछन्।

एनएमबि बैंकले नयाँ डिजिटल माध्याममार्फत आफ्ना सेवाहरूलाई ग्राहकमैत्री बनाएको आधारमा यो सम्मान प्राप्त गरेको हो। यस उपलब्धिले एनएमबि बैंकको डिजिटल प्रवर्धन र ग्राहक केन्द्रित सेवालाई प्रतिबिम्बित गर्दछ।

एनएमबि बैंकले हाल देशभर २०२ वटा शाखा, १८४ वटा एटिएम र ९ वटा एक्सटेन्सन काउन्टरमार्फत आफ्ना ग्राहकहरूलाई उच्चस्तरीय सेवा प्रदान गर्दै आइरहेको छ।

# ग्लोबल आइएमई बैंकको मोबाईल बैंकिङ्ग प्रयोगकर्तालाई आइफोन १७ जित्ने मौका

ग्लोबल आइएमई बैंक लिमिटेडले बैंकको मोबाइल बैंकिङ्ग-ग्लोबल स्मार्ट प्लसबाट कम्तिमा ३ पटक फोनपे नेटवर्कमार्फत रकमान्तर गर्दा आइफोन १७ जित्ने योजना सार्वजनिक गरेको छ।

यस योजनाअन्तर्गत बैंकले मोबाइल बैंकिङ्ग प्रयोगकर्ताहरू मध्ये उक्त कारोबार गर्ने दुई जना भाग्यशाली ग्राहकहरूलाई आइफोन १७ प्रदान गर्नेछ।

यस योजनाअनुसार बैंकका मोबाईल बैंकिङ्ग प्रयोगकर्ताले फोनपे डाइरेक्टमार्फत् रकमान्तर गर्दाको भिडियो सामग्री आफ्नो सामाजिक सञ्जालमा राखे वापत हरेक दिन (योजना अवधिभर) सामसुङ इएरबड जित्ने समेत अवसर रहेको छ।

यो योजना मंसिर १५, २०८२ देखि पौष २५, २०८२ सम्म लागू रहनेछ। यस योजनामा सहभागी हुन योजना अवधिभर ग्लोबल स्मार्ट प्लसबाट फोनपे डाइरेक्टप्रयोग गरी न्यूनतम् ३ पटक रकमान्तर गरेको हुनपर्ने छ।




ग्लोबल आइएमई बैंक ख्यातिप्राप्त विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरूबाट फरकफरक विधामा सम्मानित भएको छ। बैंकले बैंक अफ द इयर २०१४, बेष्ट इन्टरनेट बैंक २०१६, बेष्ट बैंक नेपाल २०२४ र २०२५, युरो मनी अवार्ड फर एक्सलेन्स २०२२, २०२४ र २०२५, बेष्ट बैंक ईएसजी नेपाल २०२४, बेष्ट इम्प्लोयर जस्ता प्रतिष्ठित अवार्डहरू प्राप्त गरिसकेको छ।

ग्लोबल आइएमई बैंक देशका ७७ वटै जिल्लामा शाखा सञ्जाल भएको निजी क्षेत्रको पहिलो वाणिज्य बैंक हो। बैंकका ३५२ शाखा कार्यालय, ३८४ एटिएम, १५० शाखारहित बैंकिङ सेवा, ६८ एक्सटेन्सन तथा राजस्व संकलन काउन्टर र ३ वटा वैदेशिक प्रतिनिधि कार्यालयसहित १,००० भन्दा बढी सेवा केन्द्रमार्फत ग्राहकलाई उत्कृष्ट सेवा प्रदान गर्दै आएको छ।

बैंकले रेमिट्यान्स सेवामार्फत नेपाली नागरिकहरूलाई विश्वभरबाट आर्थिक सेवा उपलब्ध गराउँदै आएको छ। अमेरिका, बेलायत, क्यानडा, अष्ट्रेलिया, मलेसिया, दक्षिण कोरिया, जापान, साउदी अरब, कतार, यूएई, बहराइन, कुवेत, भारत र जोर्डनजस्ता देशहरूबाट बैंकले रेमिट्यान्स सेवा संचालन गर्दै नेपालमा आर्थिक समृद्धिमा योगदान पुऱ्याउँदै आएको छ।

सुरक्षित र भरपर्दो वैदेशिक रोजगारीका लागि हामीलाई सम्झनुहोस ।



SOS Manpower Service Pvt. Ltd.
GPO Box # 3565, Dhapashi, Kathmandu, Nepal
Tel: 1-4365986 to 89 & 4366137/8
E: sosierra@wlink.com.np, Web: www.sosgroup.com.np

# नेपाल टेलिकमले इन्टरनेट सेवा थप गुणस्तरीय बनाउन सीपीई र एपी उपलब्ध गराउने




काठमाडौं । नेपाल टेलिकमले हाल वितरण गरिरहेको फाइबर टु द होम (एफटीटीएच) प्रविधिको इन्टरनेटलाई अझै गुणस्तरीय बनाउन वाइफाई ६ राउटर (सीपीई) र एपी उपलब्ध गराउने भएको छ । यस अनुसार अब वाइफाई ६ प्याकेजअन्तर्गत न्यूनतम १०० एमबीपीएस क्षमताको एफटीटीएच वितरण हुनेछ ।

नेपाल टेलिकमले पहिले वाइफाई ५ प्रविधिको सीपीई उपलब्ध गराइरहेकोमा अब वाइफाई ६ प्रविधिको सीपीईका साथै पहिलो पटक एपी समेत उपलब्ध गराउने भएको हो । नयाँ प्रविधिका यी उपकरण प्रयोग गर्दा विभिन्न स्थानमा वाइफाई सिग्नल पर्याप्त नहुने समस्याको समाधान हुनेछ भने इन्टरनेटको स्पिड पनि तीव्र हुनेछ । धेरै डिभाइसहरू कनेक्ट गर्न, सबैले फुल स्पिडमा इन्टरनेट चलाउन, डाटा ट्रान्सफर छिटो गर्न, डिभाइसको ब्याट्री लाइफ बढाउन र सुरक्षित तथा भरपर्दो इन्टरनेट सेवाका लागि यसले महत्वपूर्ण भूमिका खेल्ने छ ।

कम्पनीका अनुसार ग्राहकहरूका लागि वाइफाई ६ इन्डिभिजुअल प्याकेज र प्रिमियम प्याकेज उपलब्ध हुनेछ । इन्डिभिजुअल प्याकेज अन्तर्गत इन्टरनेट र टेलिफोन प्याकेज, इन्टरनेट, बेसिक एनटीटीभी र टेलिफोन प्याकेज र इन्टरनेट, प्रिमियम एनटीटीभी र टेलिफोन प्याकेज मध्ये कुनै एक प्याकेज रोज्न सकिने छ ।

त्यसैगरी, प्रिमियम प्याकेज अन्तर्गत प्रिमियम इन्टरनेट प्याकेज वान्ली, प्रिमियम इन्टरनेट र बेसिक एनटीटीभी प्याकेज र प्रिमियम इन्टरनेट र प्रिमियम एनटीटीभी मध्ये कुनै एक प्याकेज रोज्न सकिनेछ । यी सबै प्याकेज १००, १५० र २०० एमबीपीएस क्षमताका हुनेछन् भने मोबाइलमा डाटा समेत उपलब्ध हुनेछ ।

नेपाल टेलिकमले उपलब्ध गराउने वाइफाई ६ प्रविधिको सीपीई र एपी तथा एफटीटीएचको नयाँ दररेट र अन्य जानकारी लिन नेपाल टेलिकमको वेबसाइट हेर्न सकिन्छ । त्यसैगरी, 'नेपाल टेलिकम' एपको प्रयोगबाट पनि विभिन्न प्याकेजहरू सम्बन्धी जानकारी लिन तथा सेवा खरिद गर्न सकिन्छ । १९८ मा कल गरेर वा नजिकको नेपाल टेलिकमको कार्यालयबाट पनि यससम्बन्धी विस्तृत जानकारी लिन सकिन्छ ।

# नबिल बैंक 'बेस्ट ट्रान्ज्याक्सन बैंक अवार्ड'बाट सम्मानित

नबिल बैंकले युरोमनी ट्रान्ज्याक्सन बैंकिङ अवार्ड, २०२५ अन्तर्गत नेपालको 'बेस्ट ट्रान्ज्याक्सन बैंक अवार्ड' प्राप्त गरेको छ । बैंकले ट्रान्ज्याक्सन बैंकिङ क्षेत्रमा अन्तर्राष्ट्रियस्तरको प्रविधिमैत्री र ग्राहककेन्द्रित सेवा प्रवाह गरेको उल्लेख गर्दै अवार्ड प्रदान गरिएको हो ।

बैंकले व्यक्तिगत, संस्थागत, एसएमई ग्राहकका लागि उपलब्ध गराएको प्रभावकारी ट्रान्ज्याक्सन बैंकिङका डिजिटल भुक्तानी सेवा तथा सुविधाका लागि अवार्ड प्रदान गरिएको जनाइएको छ । बैंकले प्रविधिको अधिकतम उपयोग गर्दै सेवाहरूलाई सरल, सुरक्षित र छरितो बनाउँदै आएको र यसले ग्राहकका दैनिकी व्यवसाय सञ्चालनलाई सहज बनाएको छ ।

बैंकका प्रमुख कार्यकारी अधिकृत मनोजकुमार ज्ञवालीले युरोमनी ट्रान्ज्याक्सन बैंकिङ अवार्ड, २०२५ अन्तर्गत नेपालको सर्वोत्कृष्ट ट्रान्ज्याक्सन बैंकका रूपमा नबिल बैंक सम्मानित हुनु गर्वको विषय भएको बताए । "यो सम्मान हाम्रो निरन्तर मेहनत, नवप्रवर्तनप्रतिको प्रतिबद्धता र ग्राहकहरूको विश्वासको परिणाम हो । हामी हाम्रा सबै ग्राहक तथा कर्मचारीलाई लागि हार्दिक आभार व्यक्त गर्दछौं", ज्ञवालीले भने ।




विश्वभर बैंकिङ तथा वित्तीय क्षेत्रको मूल्यांकन गर्ने युरोमनी अवार्डलाई विश्वसनीय र सम्मानित अवार्डका रूपमा लिइन्छ । यस अवार्डमार्फत सेवा उत्कृष्टता, नवप्रवर्तन, रणनीतिक स्पष्टता र ग्राहक अनुभवमा अग्रणी संस्थाहरूलाई सम्मान गरिन्छ ।

सन् १९९२ मा स्थापना गरिएको यो अवार्ड विश्व बैंकिङ क्षेत्रमा सुरु गरिएको पहिलो अवार्ड हो । जसले, बैंकको गुणस्तरीय सेवा, सृजनात्मकता र ग्राहकप्रतिको विशेषज्ञतालाई सम्मानित गर्दछ । यो अवार्ड विश्वका १०० वटा देशमा सञ्चालन हुँदै आएको छ ।

नबिल बैंक नेपालको एक अग्रणी बैंक हो । नबिलले देशभरिको २६८ शाखा र ३२१ एटिएममार्फत सेवा प्रदान गर्दै आएको छ । विगत चार दशकदेखि नबिल बैंकले नेपाली बैंकिङ क्षेत्रमा नवीनतम सेवाको सुरुवात गर्न अग्रणी भूमिका खेल्नुका साथै नेपालको बैंकिङ विकासको इतिहासमा कोसेढुङ्गाका रूपमा काम गर्दै आएको छ ।

# एनसेल फाउन्डेसनले एनपीएलको चौकाबापत २४ सय बढी शैक्षिक सामग्री वितरण गर्ने




एनसेल फाउन्डेसनले नेपाल प्रिमियर लिग (एनपीएल) दोस्रो संस्करणका बेलामा जनाएको प्रतिबद्धता बमोजिम देशभरका विभिन्न सरकारी तथा सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूलाई दुई हजार चार सय २८ वटा शैक्षिक सामग्री वितरण गर्ने घोषणा गरेको छ। प्रत्येक चौकामा चार वटा शैक्षिक सामग्री वितरण गर्ने सामाजिक पहललाई निरन्तरता दिँदै एनसेलले एनपीएल दोस्रो संस्करणमा पनि हरेक चौकाको प्रहारमा चार वटा शैक्षिक सामग्री प्रदान गर्ने प्रतिबद्धता जनाएको थियो।

कम्पनीका अनुसार गत वर्ष सुरु गरिएको यस पहलले क्रिकेटको उत्साहलाई अर्थपूर्ण शैक्षिक सहयोगसँग जोड्दै आएको छ र खेल मैदानमा प्रहार भएका चौकाहरूले विद्यार्थीहरूको पठन पाठनमा सहयोग पुऱ्याउँदै आएको छ। यो पहलले एनसेल फाउन्डेसनको शिक्षा प्रतिको प्रतिबद्धतालाई प्रतिबिम्बित गर्दछ। यो वर्षको एनपीएलका क्रममा ९९ जना खेलाडीले कुल ६०७ वटा चौका प्रहार गरेका थिए, जसका आधारमा दुई हजार चार सय २८ वटा शैक्षिक सामग्रीको वितरण सुनिश्चित भएको छ।

यो शैक्षिक सामग्री वितरण गर्ने पहलको उद्देश्य विद्यार्थीहरूलाई आवश्यक शैक्षिक स्रोतको अभाव सम्बोधन गर्दै सिकाइमा सहयोग पुऱ्याउनु रहेको छ। यसरी प्रदान गरिने प्रत्येक किटमा स्कुल ब्याग, कापी, पेन्सिल, शार्पनर, इरेजर तथा अध्ययनका लागि आवश्यक अन्य आधारभूत स्टेसनरी सामग्रीहरू समावेश हुन्छ।

"यस अर्थपूर्ण सामाजिक पहलमा योगदान पुऱ्याउनु हुने सबै खेलाडीहरूलाई हामी हार्दिक बधाई तथा धन्यवाद व्यक्त गर्दछौं। उहाँहरूको प्रदर्शनले मैदानमा आफ्ना टिमलाई मात्र सशक्त बनाएको छैन, हरेक चौकाले विद्यार्थीको पठनपाठनमा पनि सहयोग पुऱ्याएको छ," एनसेलकी कर्पोरेट कम्युनिकेसन तथा सस्टेनेबिलिटी निर्देशक विशाखा लक्ष्मी खड्काले भनिन्, "गत वर्षझैं यस वर्ष पनि सम्बन्धित सरोकारवालाहरूसँग सहकार्य गर्दै यस्ता स्रोतको सबैभन्दा बढी आवश्यक पर्ने सरकारी विद्यालयका विद्यार्थीहरूलाई लक्षित गरी यी शैक्षिक सामग्रीहरू वितरण गर्नेछौं।"

यसवर्ष पनि एनसेल एनपीएलको 'पावर्ड बाइ' साझेदार रहेको थियो। कम्पनीले दोस्रो संस्करणका प्रत्येक खेलमा सबैभन्दा बढी चौका प्रहार गर्ने खेलाडीलाई २५,००० हजार नगद पुरस्कार प्रदान गरेको थियो। साथै, पोखरा एभेन्जर्सका एडम रोसिङ्टनले दोस्रो संस्करणमा सबैभन्दा धेरै चौका प्रहार गरेकाले एनसेलबाट २ लाख रुपैयाँ नगद पुरस्कार प्राप्त गरेका थिए।

गत वर्ष, एनपीएलको पहिलो संस्करणमा प्रहार भएका ६५३ चौकाबाट फाउन्डेसनले २,६१२ भन्दा बढी शैक्षिक सामग्री प्रदान गर्ने प्रतिवद्धता जनाएको थियो। प्रतिवद्धता बमोजिम २,६१२ सामग्रीसहित फाउन्डेसनले देशभर ९ हजार भन्दा बढी शैक्षिक सामग्री वितरण गरेको थियो, जसले हजारौं विद्यार्थीलाई आवश्यक शैक्षिक सामग्रीमार्फत सशक्त बनाएको छ।

यो वर्ष पनि शैक्षिक सामग्रीहरूको वितरण क्यान, स्थानीय निकायहरू र साझेदार संस्था कर्मयोग फाउन्डेसनसँगको समन्वयमा गरिनेछ।



# साधुरामको सीप

**यो साधुराम नपढ्दै त यी सबै काम गर्छ। पढेको भए– यो त गाउँकै वैज्ञानिक हुन्थ्यो कि के हो ?' बजार हिंडिरहेका गाउँलेले काठका फलेकमा रण्डा लाइरहेको देख्ता भन्थे– 'अघिल्लो जुनीमा यो मान्छे निकै क्षमतावान् र काबिल थियो। त्यसकै रहलपहल अहिले देखापरेको छ।'**



युवराज नयाँघरे

गाउँमा साधुरामको अचार मन नपराउने को होला र ?

मसला, बेसार, खुर्सानी, नुन, तेल, मेथी, जिरा सबै मिलाएर उसिनेको आलुमा तिलको छोप हालेर बनाउन ऊ खप्पिस। उसको अचार साँध्ने कलाको सबैले बयान गर्थे।

गाउँलेहरू कुरा गर्थे- 'पिरो, अमिलो ट्वाक्क अचार बनाउने साधुराम देखेरै र्‍याल चुहाउँदा हुन् तरुनीहरू।'

गाउँलेहरू बहस गर्थे- 'उसको सीपको लोभ गरेको कि उसैको ज्यानको लोभ गरेको ?'

अनि हाँसो मच्चिन्थ्यो।

कति जना बारीको डिलबाट हाँस्दै तल खस्थे। कति रुखका हाँगाबाट हाँस्दै सुलुलु चिप्लिन्थे। कति चैँ गाई दुहुन बसेका भए- दूधका सिर्का बाल्टीमा नहालेर अन्तै हाल्थे।

साधुरामले गाउँमा बार बारेको धेरैले मन पराउँथे।

'ओहो, कति राम्रो टाटी हालेको ? लौन, मेरो पनि करेसाबारी बारिदिनु पर्‍यो।'

छिमेकीहरूले भनिरहन्थे।

'बाँसका सिर्कना, नर्कटको चाङ र भाटा कता छन्- मलाई देखाइदिनु। म आएर बारबेर पारिदिउँला नि ठूलाबा।'

साधुरामले फकाएर पठायो।

अर्को दिन बिहानै ठूलाबा आँगनमा आए। उनले चस्मा मिलाएर साधुरामलाई अलिक चर्को स्वरमा बोलाए।

'ए केटा, हिजो दिनभरि पल्लो घरका गाईगोरुले साग, मूला र खेसरीको लहलह सबै लुँड्याएछ। आज जे गरी पनि बार बारिदे त केटा। लु, ढिला गर्दै नगर।'

'तँ राम्रो टाटी बार्छस् भनेर सबैले भनेर पो म कुरेको। आउँछस् त भात खाएर ?'

ठूलाबा पड्किए।

'तपाईं जाँदै गर्नु। म आएर साँझसम्म सकिदिन्छु।'

नभन्दै हतार-हतार एघार बजेतिर ऊ गयो। आँगनमा पुगेर ठूलाबालाई बोलायो। बा बाहिर आए।

उसले सबै सर-सामान हेर्‍यो।

'लौ, चोया पनि देखिनँ। बाता पनि देखिनँ।'

ठूलाबा बोले- 'तँ चोया-बाता काँढ्न खप्पिस छस् रे। गाउँभरि तेरो सीपको सबैले चर्चा गर्छन्। त्यो सीप यहाँ देखा न केटा।'

'जानेको ज्ञान, शिक्षा, सीप त लुकाउने होइन। देखाउने हो नि।'

बाले बोलेको कुराले उसलाई छोयो।

'ठीकै छ- आज चोया-बाताको काम सक्छु। बारबेरको काम चैँ भोलि मात्र हुने भो। एक्लो छु। सबै भ्याउनु पर्‍यो।'

साधुरामले सीप लाएर चोया-बाता काढ्न थाल्यो।

मन लाएर टाटी पनि बार्‍यो। निकै कसिलोसँग बारले बारी घेरिदियो। काम हेर्दै यो जान्ने र खुबी भएको काम गराइ देखिन्थ्यो।

साधुराम साऱ्है राम्रोसँग डोरी बाट्थ्यो। गाउँभरिका मान्छे उसलाई जुटका भक्रान भारी थमाउँथे।

ऊ पोयोमा जुट राख्दै निकै राम्रोसँग मसिना, खिरिला, कसिला डोरी बाट्थ्यो। उसको डोरी बटाइ देखेर गाउँमा सबैले बयान गर्थे।

'साऱ्है बलियो डोरी। भैँसीले पनि चुडाउँन नसक्ने।'

'ओहो, रुखको फेदमा कसेर फन्को मारी तान्दा पनि नचुँडिने।'

'औधी सिपालुले बुनेको डोरी हो यो। लर्तरो खालको डोरी बुनाइ होइन है यो त।'

गाउँमा एउटै मान्छे थियो साधुराम। ऊ भएपछि सबै कुरा तमाम हुन्छ।

हितेन्द्र भन्थे- 'ऊसँग नभएको सीप केही पनि छैन। आँटेपछि गरिछाड्छ।'

शितली काकीले भनेको सबैले सुनेथे- 'यो गाउँमा कामै जान्ने अरु कोही छैनन्। धेरै

त गफले नै खान्छन् । कामै गरी खाने चैँ यो साधुराम मात्रै हो है ।'

हुन्थ्यो पनि त्यस्तै । ऊ हरेक काममा सक्षम थियो । नजानेको, थाहा नभएको अरु काम के पो नहोला र ?

पुस-माघमा घर छाउन उसलाई भ्याई-नभ्याई हुन्थ्यो । गाउँपिच्छे उसलाई मान्छेले खोजिरहेका हुन्थे । ऊ बिहानदेखि धुरी चढेपछि दुई दिनमा घरको धुरी मारिसक्थ्यो ।

'छानामा साधुराम चढेपछि घरको रूपै बेग्लै ।'

'गजब भो । ऊ हात लाउन गाऱ्हो मान्छ । हात हालेपछि काम पक्का भो ।'

'साधुरामले छाएको घरमा कहिल्यै कसैको गनगन आएन । उसले छाएको घर अर्को साल नभई चुँहिदैन ।'

गाउँमा यस्तै सबैको गहिरो विश्वास थियो ।

'कता गएको केटा ?'

'म त पारिका चार घरमा खर र परालले छाउँदा-छाउँदा व्यस्तै भएँ नि । लास्टै बिजी कान्छा काका ।'

साधुरामले दिने उत्तर यस्तै हुन्थ्यो ।

गाउँका रुखका हाँगा छिमल्नु परे साधुरामको खोजी हुन्थ्यो । लामो लट्ठीमा बलियो र धारिलो हँसिया बाँधेर ऊ कलिला हाँगाबिँगा तलैबाट झार्थ्यो । अलिक कडा र बाङ्गाटिङ्गा हाँगा परे डोरीले झुन्डेर छिमल्थ्यो ।

'लौन चैत लागेपछि नयाँ पात पलाउने गरी काँटछाँट गरिदे केटा ।'

खोलापारिकी दिदीले भनेको पनि एक हप्ता भयो ।

'मेरो घरै छोपियो खम्रेतोको झ्याम्म रुखले । यसो छिमलिदिनु पऱ्यो । लौ त तेरो फुर्सद कहिले हो, म बाटो हेरिबस्छु ।'

'घर अगाडिको कटहरको हाँगाबिँगा बढेर हाम्रो घर पुर्रिइसक्यो । सानै हावा-हुरी आउँदा पनि लडाउला भन्ने पीर परिरहन्छ । लौ-लौ केटा यसलाई ठुन्काएर हाम्रो घर जोगाइदे त ।'

दिदीको कुरा उसले थपक्कै मान्यो ।

आखिर हाँगाबिँगा छिमल्न उसलाई कुनै गाऱ्हो लाग्दैनथ्यो । दिदीको कटहरको रुख पनि राम्रोसँग छिमल्यो ।

फागुन लागेपछि लालमणि काका घुम्दै आएथे साधुरामको आँगनमा । एकाएक उनलाई देखेर ऊ छक्कै पऱ्यो । कहिल्यै नआउने काका यसरी टुप्लुकिएको देखेर सुरुमा त अचम्म मान्यो उसले ।

'हऊ काका, के कारणले आउनु भो हाम्रा घरमा ?'

टाउको कन्यायो उसले ।

'तेरो सीप गावैभरि सुनेँ । तेरो सहयोग चाहियो ।'

काका बोले ।

'के सहयोग काका ? मैले के सहयोग दिन सक्छु तपैँलाई ?'

साधुरामले भन्यो काकालाई ।

धान थन्काउने भकारी बनाउनुपर्ने रहेछ । बोरामा राखिएका धानलाई मुसा, साङ्ला, घुन-पुतलीले हैरान पारेछन् । कसैले साधुरामको नाम सुनाएपछि काका आएका थिए ।

साधुरामको सीप साँच्चिकै थियो । उसले अर्को हप्ता गएर राम्रो भकारी



बुनिदियो । धान थन्काइदियो । लिपपोत गरेर चिटिक्क पार्दियो ।

'तेरो सीप बयान गरेभन्दा राम्रो देखेँ मैले ।'

काकाले उज्यालो अनुहारमा खुशी पोखे ।

उल्टै नमस्कार गरेर विदा भयो साधुराम । उसको व्यवहारले काका साँच्चिकै प्रसन्न भएथे । त्यो रात उनी आनन्दले सुते । अरुभन्दा पनि मुसाहरूले धान नोक्सान गर्न नसक्ने कुराले खुशी थिए उनी ।

मनमती माइजूले भान्साकोठा थप्ने मन गरिन् । उनले मलेसियामा रहेका बूढालाई भनिन् । बूढाको मनमा आयो साधुरामको तस्बीर ।

'तिमी कोठा थप्ने त भन्छ्यौ । काठ चाहिएला । चिरान काठ साधुरामले तयार गरिदिन्छ । त्यसलाई भन न ।'

'पैसा त जसले पनि लिन्छन् । तर काम राम्रो गर्दैनन् । सीप पनि हुनु पऱ्यो । यो काम साधुरामले मात्रै गर्छन् भन्ने अरुबाट पनि सुनेथेँ ।'

'हो-हो उसलाई भनेर भान्साकोठा राम्रो बनाऊ । आउँदो दशैँमा त्यहीँ मासु-भात खानु पर्छ ।'

माइजूले भनेपछि साधुरामले सालका टुना चिरान गऱ्यो । उसैले अर्को साथी खोजेथ्यो । पन्ध्र दिनमा काठ चिरान गरेर कोठामा फलेक छाप्यो । घाम लाग्ने कोठामा धुँवा मज्जाले पास हुन्थ्यो ।

जुठेल्नो, धारा र अगेनो समेत त्यो कोठामा मज्जाले बनाइदियो उसले । माइजू खुसी भएर एकजोर कपडा पनि हालिदिइन् । ज्याला पनि राम्रै दिइन् ।

'साधुराम यो गाउँ नछोड्नु है ।'

'तेरो सीप देखेर सबैजना आनन्दित हुन्छन् । गाउँ छोडिस् भने तँलाई खोज्दै मान्छेहरू आइपुग्छन् ।

माइजूले जाने बेलामा भनेकी थिइन् ।

ऊ यो कुरा सुनेर मनमनै रमाएथ्यो । उसको सीपको चर्चा धेरैले गर्दा रहेछन् भनेर ऊ दङ्गै भएथ्यो । कसैलाई नभने पनि उसको मन उज्यालिएको थियो ।

पोहोर यही बेला त हो नि दाउरा गजबले चिरेथ्यो । आँगनको एउटा कुनोभरि निकै चिरचार पारेथ्यो ।

उसको सीप देखेर सारा गाउँलेले खुशी भएर भन्थे- 'यो मान्छेले नजानेको काम केही छैन है ?'

'पढ्नु किन पऱ्यो ?'

'यो साधुराम नपढ्दै त यी सबै काम गर्छ । पढेको भए- यो त गाउँकै वैज्ञानिक हुन्थ्यो कि के हो ?'

बजार हिँडिरहेका गाउँलेले काठका फलेकमा रण्डा लाइरहेको देख्ता भन्थे- 'अघिल्लो जुनीमा यो मान्छे निकै क्षमतावान् र काबिल थियो । त्यसकै रहलपहल अहिले देखापरेको छ ।'

साँच्चि, अस्ति एकहप्ता अगाडि कोरियामा एउटा ठूलै कम्पनीमा राम्रो काम छ, जाऊँ भनेर साधुरामलाई लगेका छन् रे ।

के उसको सीप त्यहाँ उपयोग होला त ? उसले काम गर्न जान्ला त । कतै रित्तो हात फर्केर ऊ आउनुपर्ने त होइन ?

अहिले गाउँभरि मुख र कान एक भएका छन् ।

# किन हुन्छ यो असमानता ?

**कुनै देशका मान्छेहरू जन्मिँदै करोडपति भएर जन्मिन्छन् कुनै देशका जन्मिँदै हजारौँ ऋण बोकेर जन्मिन्छन्। हरेक घरमा सदस्यपिच्छे सुबिधा सम्पन्न कार हुन्छ कुनै देशमा, कुनै देशका नागरिक जीवनभर कार भन्ने चिज नचढिनै मर्छन्।**



**शम्भु सुस्केरा**

एउटा व्यक्ति एकदम हाँसीखुशी रहँदा अर्को व्यक्ति एकदम दुःखी किन हुन्छ ? यसको उत्तर सहज छ कि कठिन ? उत्तर सबैसँग हुन्छ कि कसैसँग हुँदैन ?

एउटा व्यक्ति आनन्दित र समृद्ध हुँदा अर्को किन पीडा बोकेर बाँचिरहेको देखिन्छ। एउटा व्यक्ति डर र चिन्तामा हुन्छ अर्को एकदम आत्मविश्वासी देखिन्छ किन ? कसैसँग सुन्दर, सुविधा सम्पन्न घर हुन्छ कसैको झुप्रो, हावापानी पनि नछेक्ने हुन्छ किन ?

एउटा मान्छे जे गरे पनि सफल हुन्छ अर्को केही गरेपनि कहिल्यै सफल हुँदैन किन ? एउटा व्यक्ति स्वस्थ्य, बलिष्ठ हुन्छ अर्को अनेक रोग बिमार परिरहने, हेर्दै लुम्रेझुम्रे देखिन्छ।

एउटा फुर्तिलो, हँसिलो, अर्को लोसे, कहिल्यै हाँस्न नजान्ने रिसाइरहने, किन हुन्छ यस्तो फरक ?

जीवन जिउन जान्ने र नजान्ने बिचको फरक हो यो ? वा भाग्यमानी र अभागीको फरक हो ? लापरबाह वा साबधानी र व्यवस्थित जीवन जिउनेहरूको फरक कलाले भरपर्छ ?

कि माथि उल्लेखित सबथोकले निर्धारण गर्छ ?

व्यक्तिको मात्र कुरा रहेन यो। संसारलाई हेरौँ न। कुनै देशका मान्छेहरू जन्मिँदै करोडपति भएर जन्मिन्छन् कुनै देशका जन्मिँदै हजारौँ ऋण बोकेर जन्मिन्छन्। हरेक घरमा सदस्यपिच्छे सुबिधा सम्पन्न कार हुन्छ कुनै देशमा, कुनै देशका नागरिक जीवनभर कार भन्ने चिज नचढिनै मर्छन्।

कुनै देशका नागरिकसँग नीजि जहाज पनि हुन्छन् कसैले नजिकबाट जहाज देखेका हुँदैनन् चढ्ने त परको कुरा।

किन हुन्छ यो फरक, किन हुन्छ यो असमानता ?

देशको जीवन र जनताको जीवनमा खासै फरक देखिँदैन।

तपाईको आफ्नो समाजलाई हेर्नु त एकपटक, माथि भनेजस्तो देखिन्छ ?

अब आफूलाई हेर्नुस् र अर्को एकजनालाई हेर्नु त कुनै पनि विषयका बारेमा वा आफ्नै जीवनका बारेमा उसको र तपाईकाबीच सोच, बिचार र शैली के-के फरक छ ? कि सबथोक समान भएर पनि परिणाम असफल आउने गर्छ।

अनि सफल र असफल, खुशी र दुखी, ठूला घरवाला र झुप्रोमा निवास गर्ने सबैखाले मान्छेहरूलाई हेर्नु त के देखिन्छ ? तपाई आफैँ पनि कुन अवस्थाको हुनुहुन्छ आफू बिपरितको मान्छेलाई हेर्नु त, ऊ र तपाईबीचमा किन फरक भयो ?

अरु कसैले होइन तपाई आफैँ जाँच्नुस् एकपटक कतै केही फरक भेट्नुहुन्छ कि ?

अथवा आफूजस्तै अर्को मानिसलाई हेर्नु त? उसका बारेमा अध्ययन गर्नुहोला किन उस्तै हुनुहुन्छ तपाई र ऊ ?

समान र फरक कुराहरू के-के आए तपाई र ऊबीचमा लेख्नुहोला कपिमा।

कन्फर्म गर्नुहोला कपिमा टिपेका सबै कुरा ठिक छन् ? तपाई र अर्को बिचमा देखिने समानता वा असमानताले नै निर्धारण गरेको हो त तपाई र ऊबीचको सफलता वा असफलता ?

होइन ? होइन भने फेरि घोत्लिनुहोला, सोच्नुहोला, अध्ययन गर्नुहोला र फेरि निश्कर्ष निकाल्नुहोला।

निकाल्नु भयो निश्कर्ष ?

अब के गर्ने निर्णय गर्नुभयो ? सफल हुनुहुन्छ भने पनि अझ बढी सफल हुन के गर्नुपर्छ तपाईले टिपोट गरिसक्नु भयो। र असफल हुनुहुन्छ भने पनि सफल हुन के गर्ने हो अठोट गरिसक्नुभयो।

के अठोट गर्नुभयो ?

कतै तलको कथा जस्तै कथा त बनेन तपाईको सफलताको ? वा असफलताको ?

एक व्यक्ति जागिरको लागि अन्तर्वार्ता दिन गएछ। निकैबेर पालो पर्खिएपछि उसलाई

कर्मचारीले अन्तर्वार्ता दिन बोलाउँछ र उ जान्छ।

जब ऊ अन्तर्वार्ता कोठामा छिर्छ। अन्तर्वार्ता लिने मान्छे देखेर ऊ चकित हुन्छ, अलिकति लजाउँछ र असहज मान्छ।

किन कि अन्तर्वार्ता लिने कार्यालयको हाकिम उसकै साथी थियो।

अप्ठ्यारो मानेको उसलाई साथी हाकिमले अप्ठ्यारो नमान्न भन्छ र साथीले सहज मानोस् भनेर अनौपचारिक ढंगले पुराना दिनका गफ निकाल्न थाल्छ। चिया-खाजा मगाउँछ र दुबै जना खाँदै गफिन्छन्।

स्कुल, कलेज पढ्दाका र एकपटक सँगै जागिर खाँदाका कुरा गर्छन् र पुराना दिनहरू सम्झेर मजाले हाँस्छन् दुबै।

अन्तर्वार्ता दिन आउनेले भन्यो तँ र म बालसखा, सँगै खेलियो खाइयो, पढियो, एकपटक सँगै जागिर पनि गरियो। पढाइ पनि तेरो र मेरो उति नै हो। स्कुल कलेजमा तेरो भन्दा मेरै बढी नम्बर आउँथ्यो। हाम्रो कुरा पनि मिल्थ्यो, एकअर्कामा खुब मिल्थ्यौँ पनि तर तँ आज यति ठूलो कम्पनीको मालिक भइछस् म अझै जागिर खोजिरहेछु। आज जागिरका लागि तेरै अफिसमा आइपुगेँछु।

हाकिम तथा कम्पनीको मालिक साथीले भन्यो तैले भनेको सब ठिक हो। तर धेरै कुरा मिले पनि उसबेला मेरो बिचार तँसग मिल्दैनथ्यो। तँ उसबेला पनि नोकर थिइस् म मालिक नै थिएँ।

साथीको कुरा सुनेर ऊ अलिक कालो भयो र प्रश्नवाचक बनेर केहीबेर हेरिरह्यो, जबरजस्ती मुस्कुराउने प्रयास गर्दै हाँसेरै सोध्यो कसरी ?

तँलाई याद छ कि छैन एकपटक तँ र म अफिसबाट सँगै घर फर्कँदै थियौँ। बाटोमा थाहा भयो हिँड्नेबेलामा बत्ती गएको थियो त्यसैले बत्ती र पंखाको स्वीच अफ गर्न बिर्सिएछ।

मैले भनेँ फर्केर जाऔँ र स्वीच अफ गरेर आऔँ।

त्यसपछि के भयो त ?

तैँले भनिस् तेरो र मेरो नोक्सान हुने हो र ? साहुको जाने त हो यत्रो बाटो किन फर्किने, भोलि गरौँला। अनि म एक्लै गएर बत्ती र पंखा बन्द गरेर आएँ।

आफ्नोबारेमा यस्तो किस्सा सुनेर ऊ केही बोलेन।

साथीले फेरि थप्यो तँ खुब युट्युबबाट मनोरञ्जनात्मक भिडियो हेर्थिस् र भन्थिस् काम मात्र कति गर्ने ? घरिघरि मनोरञ्जन पनि गर्नुपर्छ।

मैले ठिकै त भनेको हुँ। सबैले गर्ने त्यही त हो।

त्यो भ्रम हो जे काम गरिन्छ त्यसैमा मनोरञ्जन लिनुपर्छ, जे काम गरिन्छ त्यसमै रमाउनुपर्छ। आफ्नो काममा रमाउन नसक्ने र मनोरञ्जनका लागि अन्यत्र भौतारिने मान्छेको समय, श्रम र शक्ति बाँडिन्छ अनि काममा कम नतिजा आउँछ भन्थेँ नि म याद छ।

मैले सम्झेँ यार।

म अरुको काम गर्दा पनि आफूलाई मालिक नै ठान्थेँ, आफ्नै काम ठानेर गर्थेँ र आज आफैँ मालिक नै बनेँ।

सायद त्यही कमजोरीले होला म आज पनि नोकर नै बनेर नोकरी खोजिरहेको छु।

के अब मैले आफ्नो नोकर सोचलाई मालिक सोचमा बदलेँ भने मलाई तेरो कम्पनीमा काम दिन्छस् ? उसले हाँस्दै सोध्यो।

हाकिम मित्र पनि मजाले हाँस्यो र उसलाई नियुक्ति पत्र थमायो।

अब तपाई आफूलाई हेर्नुहोला तपाई यी दुई साथी मध्ये कुन खालको हुनुहुन्छ ? अरुको सम्पतिलाई पनि आफ्नै ठानेर हिफाजत गर्ने वा अरु र आफ्नोमा फरक देख्ने र फरक व्यवहार गर्ने।

मेरो सफलता वा असफलताको साथी म बाहेक अरु कोही हुनै सक्दैन। तपाईलाई पनि यस्तै लाग्यो ? कि लागेन ?

लागेन भने गहिरो ध्यान गर्नुहोला वा संसारका दुःखी मान्छेहरूलाई हेर्नुहोला वा संसारका संघर्षशील तर सफल मान्छेलाई पढ्नुहोला।





रीता केसी, गायिका

# प्रेमको गहिराई झल्काउने गजल ‘म हराएकी हुँ’

नेपाली गीत संगीत क्षेत्रकि चर्चित गायिका, विगत झण्डै दुई दशकदेखि गजल गायनमा सक्रिय रीता के.सी.को सुमधुर स्वरमा गजल ‘म हराएकी हुँ’ सार्वजनिक भएको छ। कपिल अञ्जानका भावुक शब्द, राजेन्द्र बजगाईँको मर्मस्पर्शी संगीत तथा ऐरेन्ज र रीता के.सी.कै सुमधुर स्वरले सजिएको यो गजलले प्रेमको वियोग, सपनाको असफलता र मायाको विषाक्ततालाई गहिरो रूपमा चित्रण गरेको छ। गजलको मिक्सिङ, मास्टरिङ मनोज परियारले गरेका छन्। म्यूजिक भिडियोमा स्वयं रीता के.सी. फिचर्ड छिन् जसले भिडियोलाई थप जीवन्त र भावनात्मक बनाएको छ। भिडियोको छायांकन रामकुमार के.सी.ले गरेका छन् भने सम्पादन टेकन्द्र शाहको रहेको छ।

सार्वजनिक भएको छोटो समयमै



• हरिराम पौडेल

यो गजलले श्रोताहरूको मन छुन सफल भएको छ। रीता केसी जसले आधुनिक, लोक र गजल विधामा दर्जनौं हिट गीत दिइसकेकी छिन्, यो गजल मार्फत् उनले आफ्नो सांगीतिक यात्रालाई अझ समृद्ध बनाएकी छिन्। स्वदेशी तथा विदेशी सांगीतिक मञ्चहरूमा सक्रिय रीता के.सी.को यो गजलले नेपाली गजल सङ्गीतलाई नयाँ उचाइ दिने अपेक्षा गरिएको छ। भिडियो रीता के.सी.को अफिसियल युट्व च्यानल मार्फत सार्वजनिक गरिएको छ।

गजल ‘म हराएकी हुँ’ ले प्रेमको बहुआयामिक पीडालाई उजागर गरेको छ। यो गजलमा कपिल अञ्जानको काव्यात्मक कुशलता झल्किएको छ, गजलका प्रत्येक शेरले प्रेमीको आन्तरिक द्वन्द्व, स्मृतिको अमिटता र वियोगको विषालुपनलाई प्रतीकात्मक भाषामा व्यक्त गरेको छ।

म हराएकी हुँ त्यो शहरबाट  
हराएको छैन कसैको नजरबाट ...

गजलको यो शेरले वियोग तथा विछोडको प्रारम्भिक अवस्थालाई चित्रण गरेको छ, ‘म हराएकी हुँ त्यो शहरबाट’ भन्ने वाक्यांशले शारीरिक वा भावनात्मक अलग भावलाई संकेत गर्छ, जस्तो कि कुनै प्रिय शहर (प्रेमको प्रतीक) बाट टाढा हुनु। तर ‘हराएको छैन कसैको नजरबाट’ ले स्मृतिको शाश्वतता दिएको छ। परिस्थिति र परिवन्धले प्रेमीका शहरबाट हराए पनि प्रेमको नजरमा अमिट र अमर रहेको भाव गजलको यो शेरले बोलेको छ।

बर्षौंदेखि सपना देख्दै आएको थिएँ  
रहर बगाएछ त्यही बगरबाट...

गजलको यो दोश्रो शेरमा सपनाको निरन्तरता र तृष्णाको असन्तुष्टिलाई बगर अर्थात् सुक्खा भूमिको प्रतीकबाट व्यक्त गरिएको छ। वर्षौंसम्म सपना देख्ने प्रक्रियाले आशाको ज्वालालाई जनाउँछ तर ‘रहर बगाएछ त्यहि बगरबाट’ ले ती सपनाहरूको

> दुई दशक अघि गजल गायनबाट नै आफ्नो सांगितिक यात्रा सुरु गरेकी थिएँ अहिले फेरि यो सुन्दर गजल दर्शक, श्रोताहरु माझ लिएर आएकी छु, यो गजलले हरेक प्रेमिल मनलाई छुनेछ भन्ने विश्वास छ ।

स्रोत नै सुक्खा र बाँझो भएको संकेत गर्छ। यो शेरले प्रेमको असफलतामा उत्पन्न हुने निराशालाई चित्रित गरेको महशुष हुन्छ, सपना देख्ने ठाउँ नै तृष्णा बढाउने विष मात्र बनेको छ। रिता के.सी.को स्वरले यस शेरलाई यस्तो बनाएको छ कि श्रोताले आफैंलाई सपनाको बगरमा हराए जस्तो अनुभव गर्छन्। यो शेरले जीवनको व्यर्थ प्रयास र प्रेमको व्यर्थ आशालाई प्रश्न गर्छ 'के सपना सधैं बगर नै बन्छन् त ?

माया दिए आँसु पिई छैन बाँकी केही<br>
मार मायाले त्यहि जहरबाट ..

यो शेर गजलको चरमोत्कर्ष हो जसले प्रेमको विषालु पक्षलाई उघारेको छ। 'माया दिए आँसु पिई' ले प्रेम दिँदा प्राप्त हुने पीडालाई जनाउँछ, यहाँ प्रेमको साटो आँसु मात्र बाँकी रहन्छ। 'मार मायाले त्यहि जहरबाट' ले प्रेमलाई नै विषको रूप दिन्छ, जसले प्रेमीको भावनात्मक मृत्यु हुन्छ। गजलको यो शेरलाई अमृत र विष दुवै मान्न सकिन्छ। गजलको यो शेरले प्रेमको द्वैधतालाई उजागर गर्छः यो जीवन दिने र लिने दुवै हो।

प्रेम अन्तिमतः विनाशकारी हुन्छ भन्ने पनि यो शेरले बोलेको छ भने यहाँ प्रेमी प्रेमिकाको प्रेम विषमा नै मरेको छ। कपिल अञ्जानले यसलाई यस्तो बनाएका छन् कि श्रोता प्रेमको सुन्दरतामा विषको स्वाद अनुभव गर्छन् भने झण्डै दुई दशक अगाडि आफ्नो सांगितिक यात्रा नै गजल गायनबाट सुरुवात गरेकी रीता के.सी.को स्वरले आँसुको नुनिलोपन र जहरको तीक्ष्णतालाई सन्तुलित रूपमा प्रस्तुत गरेको छ।




गजलकार कपिल अञ्जानले आज भन्दा झण्डै पन्ध्र वर्ष अघि रचिएको यो गजल रेकर्ड भएर सार्वजनिक भएकोमा आँफू असाध्यै खुसी भएको बताएका छन्। इमेज एफ.एम. ९७.९ को विशेष प्रस्तुति 'मेची देखि महाकाली' सम्ममा प्रस्तोता तथा यस आलेखका लेखक हरिराम पौडेलसँग यस गजलको चर्चा गर्दै उनले यो गजल आँफू आफ्नो शहर छोडेर डोटी जाँदा लेखेको स्मरण गर्दै भन्छन् 'म आफ्नो कामको शिलशिलामा आफ्नो शहर कोहलपुर छोडेर डोटी जादै गर्दा यो गजल लेखेको थिएँ, बास्तवमा म मेरो शहरबाट मेरा वालपन, साथीसंगी र यो शहरसँगका सबै यादहरू छोडेर जादै थिएँ त्यति बेला मलाई यो शहर र प्रेमिका उस्तै उस्तै महशुष भएको थियो, मलाई मेरो शहर छोड्नुको वियोग प्रेमिकासँगको विछोडको वियोग जस्तै बनेको थियो, दिपायल पुग्न झण्डै आधा घण्टा जस्तो बाँकी थियो त्यहाका तत्कालीन सिंचाई कार्यालयका प्रमुख हरिराम श्रेष्ठसँग भेट भयो, मैले सबैभन्दा पहिले यो गजल वहाँलाई नै सुनाएको थिएँ, वहाँले गजल राम्रो भएको प्रतिक्रिया दिनु भएको थियो। अहिले रीता के.सी.को स्वरले गजलका शब्दहरूलाई न्याय गरेको छ, म वहाँको स्वरबाट निकै नै प्रभावित भएको छु, खुसी भएको छु।'

रीता के.सी.को सुमधुर स्वरको यो गजलले युवा पुस्तालाई प्रेमको गहिराई बुझाएको छ। श्रोताहरूलाई यो गजल सुन्न र भिडियो हेर्न अनुरोध गर्दै रीता केसी भन्छिन्, 'दुई दशक अघि गजल गायनबाट नै आफ्नो सांगितिक यात्रा सुरु गरेकी थिएँ अहिले फेरि यो सुन्दर गजल दर्शक, श्रोताहरू माझ लिएर आएकी छु, यो गजलले हरेक प्रेमिल मनलाई छुनेछ भन्ने मैले विश्वास लिएकी छु।'

काठमाडौं, भक्तपुर र ललितपुरका
जोन क्षेत्रमा तरकारी, आलु र दुध उत्पादन बढाउन
व्यवसायिक र आधुनिक कृषिमा लगानी बढाऔं
समृद्ध र समुनत समाजको विकास गरौं।

राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम
कार्यक्रम कार्यान्वयन एकाइ, भक्तपुर

# बर्दीबाट विश्वमञ्चसम्म पुगेको स्वर अल्पायूमै अस्तायो

आकांक्षा धामी

भारतीय टेलिभिजन रियालिटी शो 'इन्डियन आइडल' सिजन-३ का विजेता, चर्चित गायक तथा अभिनेता प्रशान्त तामाङ अब हामीबीच रहेनन् । ४३ वर्षको उमेरमा भारतको नयाँ दिल्लीस्थित आफ्नै निवासमा हृदयघातका कारण उनको निधन भएको खबरले सम्पूर्ण नेपालीभाषी संसार शोकमा डुबेको छ ।

दार्जिलिङका पहाडबाट उदाएका प्रशान्त केवल एक गायक वा अभिनेता मात्र थिएनन्, उनी संघर्ष, आत्मसम्मान र पहिचानको प्रतीक थिए । सन् १९८३ जनवरी ४ मा पश्चिम बंगालको दार्जिलिङमा जन्मिएका उनी नेपाली मूलका परिवारका सन्तान थिए ।

सानै उमेरमा बुबा मदन तामाङलाई दुर्घटनामा गुमाएपछि जीवनले उनलाई चाँडै जिम्मेवार बनायो । पढाइ छोडेर परिवारको भार बोक्दै उनले जीवनको कठोर यथार्थसँग सम्झौता गर्न सिके ।

संगीतको दुनियाँमा पाइला टेक्नुअघि प्रशान्त कोलकाता प्रहरीमा कन्स्टेबलका रूपमा कार्यरत थिए । प्रहरीको वर्दीमै इन्डियन आइडलको मञ्चमा उभिँदा उनले केवल गीत मात्र गाएनन्, आफ्नो पीडा, सपना र आशा पनि गाए ।

उनको सरल व्यक्तित्व, भावनाले भरिएको स्वर र अथक मेहनतले दार्जिलिङ, सिक्किम, नेपाल र भारतभरिका नेपालीभाषी दर्शकहरूको मन जित्यो । अन्ततः उनी इन्डियन आइडल सिजन-३ का विजेता बने । यो जित केवल व्यक्तिगत उपलब्धि थिएन, सम्पूर्ण गोरखा समुदायको गौरव थियो ।

इन्डियन आइडलपछि प्रशान्तले नेपाली, हिन्दी तथा अन्य भाषामा थुप्रै गीतहरू गाए । उनका गीतहरूमा जीवनका अनुभूति, पीडा र सरल भावनाको सुगन्ध पाइन्थ्यो । गायनसँगै उनले नेपाली चलचित्र क्षेत्रमा पनि आफूलाई स्थापित गरे । गोर्खा पल्टन, अङ्गालो यो मायाको जस्ता चलचित्रमा उनको स्वाभाविक अभिनयले दर्शकको मन छोयो ।

कलामात्र होइन, समाजप्रतिको जिम्मेवारीमा पनि उनी सदैव सक्रिय रहे । विभिन्न कन्सर्ट र सामाजिक अभियानमार्फत उनी मानिसहरूसँग जोडिइरहे । सन् २०२१ मा आमालाई कोभिड-१९ का कारण गुमाउँदा उनी गहिरो शोकमा परे, तर पीडालाई शक्तिमा बदल्दै उनले आफ्नो कर्मयात्रा रोक्न दिएनन् । दुर्भाग्यवश, उनी स्वयं असामयिक रूपमा यो संसारबाट विदा भए ।



प्रशान्तको योगदान गोर्खा समुदायका लागि ऐतिहासिक रह्यो । इन्डियन आइडल जितमार्फत उनले दार्जिलिङ, तराई, डुवर्स, सिक्किम, उत्तर-पूर्व भारत, नेपाल र विश्वभर छरिएका गोरखाहरूमा एकता, आत्मगौरव र पहिचानको भावना जगाए । उनको सफलताले सांस्कृतिक उपहासविरुद्ध आवाज उठाउन साहस दियो र 'हामी पनि सक्छौं' भन्ने विश्वास बलियो बनायो ।

प्रशान्त अब शारीरिक रूपमा हामीसँग छैनन् । तर उनको स्वर, संघर्षको कथा र गोरखा समुदायलाई दिएको आत्मसम्मान सधैं जीवित रहनेछ ।

उनी केवल एक कलाकार होइनन् आशा, पहिचान र प्रेरणाको नाम हुन्, जो समय बिते पनि सधैं सम्झनामा रहिरहने छन् । गायक तथा अभिनेता तामाङको यो असामयिक निधनले उनको परिवार, प्रशंसकहरू र गीत संगीत क्षेत्रलाई गहिरो शोकमा डुबाएको छ ।

# नवौं संस्करणको निफ चैत १९ बाट

नेपाल चलचित्र तथा सांस्कृतिक प्रतिष्ठानले नेपाली चलचित्रलाई विश्व चलचित्र बजारसँग जोड्ने उद्देश्यले आयोजना गर्दै आएको 'नेपाल अन्तर्राष्ट्रिय चलचित्र महोत्सव' (निफ) को नवौं संस्करण आगामी चैत १९ देखि २३ गते (अप्रिल २-६, २०२६) सम्म हुने भएको छ। निफको नवौं संस्करणमा दर्शकहरूले पाँच दिनभित्र ४० देशका ८८ चलचित्रहरू हेर्न पाउनेछन् र चलचित्रकर्मीहरूसँग अन्तरक्रिया गर्ने अवसर पनि पाउनेछन्।

'विश्वभरका कथाहरूको उत्सव, नेपाल अन्तर्राष्ट्रिय चलचित्र महोत्सव' भन्ने नारालाई निरन्तरता दिँदै आयोजकले यस संस्करणको महोत्सवको मिति घोषणा गरेको हो। यस संस्करणमा युवा पुस्ताको रुचिलाई केन्द्रमा राखेर चलचित्रहरू चयन गरिएको निफले जनाएको छ। 'हामीले यो पटक युवापुस्ता केन्द्रित चलचित्रहरूलाई प्राथमिकता दिएका छौं। निफलाई युवा मैत्री बनाउने हाम्रो प्रयास रहेको छ,' निफका अध्यक्ष केपी पाठक भन्छन्, 'युवा मेकरहरूलाई प्रत्साहन गर्न हामीले एआई चलचित्र मेकिङको कार्यशाला लगायतका सेसन पनि राखेका छौं। चलचित्रबाट युवादर्शकहरूलाई आशा जगाउने हाम्रो मुख्य प्रयास रहनेछ।'

यो वर्ष ८० बढी देशबाट ८०० बढी चलचित्रहरूले महोत्सवमा सहभागी हुन आवेदन दिएको निफले जनाएको छ। ती ८०० मध्येका उत्कृष्ट र युवाको चासोमा रहेका चलचित्रहरू चयन गरिएकाले यस संस्करणको निफको स्क्रिनिङ विशेष रहने 'महोत्सव चलचित्र छनोट समिति'को विश्वास छ।

'पहिलाका संस्करणको तुलनामा यो पटक बढी चलचित्रको सहभागिता भएको छ। सबैभन्दा बढी फिल्म प्राप्त भएको संस्करण बनेको छ,' अध्यक्ष पाठक भन्छन्, 'यो भनेको अन्तर्राष्ट्रिय फिल्म समुदाय र मेकरहरूको निफप्रतिको विश्वास बढेको हो।'

विश्व प्रतिष्ठित कान्स, बर्लिन, भेनिस, ट्राइबेका, संघाई, लोकार्नो, बुसान, गोवालगायत चलचित्र महोत्सवमा सहभागी भएका र अवार्ड जितेका फिचर चलचित्र, सर्टफिल्म, एआईबाट बनेका चलचित्र र डकुमेन्ट्रीहरू गरी ४० देशका ८८ वटा चलचित्रहरू निफले छनौट गरेको हो। गत जुनमा निफले विश्वव्यापी आवेदन खुलाएको थियो। त्यसबेला निफ फागुनमा २१ देखि सुरु हुने घोषणा गरिएको थियो। गत भदौं २३-२४ मा भएको जेन-जी आन्दोलनले फागुनमा आम निर्वाचन हुने भएकाले यसको मिति एक महिनापछि सारिएको छ।

अध्यक्ष पाठक भन्छन्, 'निर्वाचन हुँदा यातायातदेखि सुरक्षाका विषयहरू सरोकारमा पर्छन्। यिनै सुरक्षा र जटिलतालाई मध्यनजर गरी तथा आगामी निर्वाचन विशेष महत्वको भएकोले सबैको चासो र आम जनता सभागीता हुनपर्ने अवस्थालाई समेत ख्याल गर्दै निफलाई एक महिनापछि सारिएको हो।'



# इन्धन फेर्ने कि जीवनशैली ?

जलवायु परिवर्तनका कारण हिमालमा हिउँ पग्लिने र जनजीवन प्रभावित हुने क्रम बढेपछि नेपालले हरित विकासलाई प्राथमिकतामा राखेको छ। विकसित मुलुकहरूले सन् २०५० सम्मको लक्ष्य राख्दा नेपालले त्योभन्दा ५ वर्ष अघि नै अर्थात् सन् २०४५ सम्ममा 'कार्बन न्यूट्रल' बन्ने संकल्प गरेको छ।

यस संकल्पलाई कार्यान्वयन गर्न सरकारले १६ औं आवधिक योजनामा हरित अर्थतन्त्रको विषय त समेटेको छ, तर कार्यान्वयन गर्ने निकायहरूको जिम्मेवारी भने अझै स्पष्ट भइसकेको छैन। हाल योजना आयोगले यसका लागि छुट्टै कार्ययोजना निर्माण गरिरहेको छ भने वातावरण संरक्षण ऐन २०७६ र जलवायु परिवर्तन नीति २०७६ ले केही कानुनी आधारहरू तयार पारेका छन्।



उत्तम भट्टराई

लक्ष्य भेट्नका लागि सबैभन्दा ठूलो चुनौती 'लगानी' देखिएको छ। सरकारको पछिल्लो प्रक्षेपण अनुसार, सन् २०३५ सम्ममा कार्बन उत्सर्जन घटाउन नेपाललाई करिब ७४ अर्ब अमेरिकी डलर आवश्यक पर्नेछ। यसमध्ये झण्डै ६३ अर्ब डलर त वैदेशिक अनुदान वा अन्तर्राष्ट्रिय जलवायु वित्तबाटै जुटाउनुपर्ने बाध्यता छ।

क्षेत्रगत रूपमा हेर्दा, यातायात र ऊर्जा क्षेत्रमा केही सकारात्मक संकेत देखिएका छन्। हाल निजी चारपांग्रे सवारी साधनमा विद्युतीय गाडीको हिस्सा दुई तिहाइ पुगेको छ। तर, औद्योगिक क्षेत्र र फोहोर व्यवस्थापनमा भने अझै धेरै काम बाँकी छ। सन् २०३५ सम्म २८ हजार मेगावाटभन्दा बढी विद्युत उत्पादन गर्ने र २१ लाख परिवारमा विद्युतीय चुलो पुर्‍याउने महत्वाकांक्षी लक्ष्य सरकारको छ।

त्यस्तै, उद्योगहरूमा प्रयोग हुने परम्परागत इन्धनलाई विस्थापित गरी विद्युतीय फर्नेस र जैविक ऊर्जा प्रयोग बढाउन थप लगानीको खाँचो छ। कृषि क्षेत्रमा हुने मिथेन उत्सर्जन घटाउन २० हजारभन्दा बढी 'सुधारिएको भकारो' निर्माण गर्ने योजना पनि अघि सारिएको छ।

वित्तीय क्षेत्रलाई हरित लगानीमा आकर्षित गर्न नेपाल राष्ट्र बैंकले 'ग्रिन फाइनान्स ट्याक्सोनोमी २०२४' जारी गरेको थियो। यसले बैंकहरूको लगानीलाई वातावरणीय प्रभावका आधारमा रातो, पहेलो र हरियो क्षेत्रमा वर्गीकरण गरेको छ। यद्यपि, यो अहिले अनिवार्य निर्देशन नभई सन्दर्भ सामग्रीको रूपमा मात्र रहेको छ।

नेपालमा पेट्रोलियम पदार्थको आयात अझै पनि उच्च छ। यस्तो अवस्थामा नीतिगत सुधार, प्रविधिको विस्तार र पर्याप्त वैदेशिक लगानी नभई सन् २०४५ को लक्ष्य भेट्न कठिन देखिन्छ। भावी पुस्ताका लागि सुरक्षित पृथ्वी छोड्न कागजमा बनाइएका नीतिहरूलाई व्यवहारमा उतार्नु नै अबको मुख्य चुनौती हो।



# आगो, हिटर र गिजरको प्रयोग गर्दा सावधानी अपनाऔं ।

- आगो तथा हिटर नजिकबाट नतापौं ।
- कागज, कपडा जस्ता छिटो जल्ने सामाग्री आगो वा हीटरको नजिक नराखौं ।
- कोठामा आगो, हीटर बाल्दा हावा ओहोरदोहोर हुने व्यवस्था मिलाऔं ।
- आगो तथा हिटर बन्द गरेर मात्र सुतौं ।
- बाथरुममा गिजरको प्रयोग गर्दा भेन्टिलेसन खुला राखौं ।
- बालबालिका, वृद्ध वा बिरामीलाई आगो वा हिटर नजिक एक्लै नछोडौं ।
- घर तथा कार्यालयमा अग्नि नियन्त्रक उपकरण राखौं ।
- आगो, हिटर र बिजुलीको काम सकिनासाथ बन्द गरौं ।

**नेपाल सरकार**

## विज्ञापन बोर्ड

BEST FINANCE COMPANY LTD.
बेष्ट फाइनान्स कम्पनी लि.
BFC
नेपाल राष्ट्र बैंकबाट " ग " वर्गको इजाजत प्राप्त वित्तीय संस्था

# SAVE MONEY SAVE GREEN!

Be a **'Torch-bearer'** to save the Planet!

## Introducing the
## Green Savings Product

A small contribution from us for nature.

- Higher pricing than that of 1-year Fixed Deposits!
- Free mobile banking service for 1 year
- Free internet banking services
- We plant a tree on behalf of you if you open a
- Green Savings Account.



# HARDIK
IVF and Fertility Center

Where Miracles Come to Life

# उच्च IVF सफलता दर

## सर्वोत्तम सफलताको सुनिश्चितताका लागि उचित हेरचाह



- International Standard IVF Center
- A-grade Pathology
- Experienced Doctors
- Personalized Care
- Advanced Technology

आजै हाम्रो बिशेषज्ञ डाक्टरहरुसंग
नि:शुल्क परामर्शका लागी सम्पर्क राख्नुहोस।

01-5971461, 5917982, 9802352811

हार्दिक आई.भि.एफ सेन्टर
सिनामंगल ९, काठमाडौं


IME २५ औं वार्षिकोत्सव
विदेशबाट पठाएको IME,
तपाईंको विश्वास र
हाम्रो जिम्मेवारी
विदेशबाट आइएमई गरेर पठाएको रकम Khalti Wallet, नेपालमा रहेको जुनसुकै बैंक खाता वा आइएमई काउन्टरबाट सजिलै प्राप्त गर्न सकिन्छ ।
IME®
International Money Express
Fast, Reliable And Secure Remittance
khalti
by IME


म.क्षे.हु.नि.द.नं. ७/०७०/७१
himal remit
हिमालरेमिट
मेरो मन तब खुशी हुन्छ, जब
मेरो परिश्रमको फलले
मेरो परिवारको खाँचो टार्छ ।
ढुक्क छु, मेरो खुशीलाई
हिमालरेमिटले मेरो परिवारसम्म
पुर्‍याई दिइरहेको छ ।
पुर्‍याउँछौं खुशी
a product of
HBL
हिमालयन बैंक लिमिटेड
Himalayan Bank Ltd.
www.himalayanbank.com/himalremit
टोल फ्रि १६ ६०० १११ ०००
रेमिटान्स सेन्टर, कर्पोरेट अफिस, कमलादी, काठमाण्डौ
फोन: ००९७७-१-४२५०३५४
QR SCAN FOR MORE DETAILS.
Follow us on:
himalremit
@himalremit
@himalremit